निर्वाचनको निष्ठासँग गाँसिएको आचारसंहिता | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १५७ • २०७९ साल कार्तिक १६ गते बुधबार (2 November, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## धनुषा निर्वाचन क्षेत्र नं.४ मा एमालेको साडी

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ मा नेकपा एमालेका प्रतिनिधि सभाका उम्मेदवार रघुबीर महासेठले महिलालाइ साडी वितरण गर्न थालेका छन्।

महिला मतदाताहरुलाई रिझाउन महासेठले साडी वितरण गरेको



आरोप लागेको छ ।निर्वाचन क्षेत्र नम्बर ४ को 'क' मा पर्ने जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १९ को जमुनिया टोलमा उम्मेदवार महासेठले साडी बितरण गरेका हुन्।

घरदैलो तथा पार्टी प्रवेश कार्यक्रमको नाम दिएपनि उम्मेदवारले महिलाहरुलाई साडी बितरण गरेको तस्बीर सार्वजनिक भएको छ ।महासेठको प्रचार अभियानमा रहेका गाडीमा साडी लगायतका सामग्रीहरु राख्ने गरिएको छ ।महासेठलाई सरकारले सुरक्षाका लागि नेपाल प्रहरीको असई उपलब्ध गराएको छ।

निर्वाचन आयोगले जारी गरेको आचारसंहिता र निर्देशिका विपरित महासेठले २० जना महिलालाई साडी वितरण गरेको बताइएको छ।

तर एमालेबाट सो क्षेत्रमा प्रदेशसभा 'क' तर्फका उम्मेदवार संतोष यादवले साडी वितरण नगरेको दावी गरेका छन् । एक जना सहीद परिवारलाई साडी दिएर सम्मान गरेको उनले तर्क दिएका छन्।

तर उनले सहीद परिवार बारे थप कुरा खुल्लाउन मानेन् । महासेठले साडी वितरण गरेको तस्बीर सामाजिक सञ्जालमा सार्वजनिक भएको छ ।

निर्वाचन आयोगले यस विषयमा अनभिज्ञता प्रकट गरेकोछ। यस विषयमा बुझेर अन्य प्रकृया अगाडी बढाइने निर्वाचन अचारसंहिता अनुगमन अधिकारी डा. वीरेन्द्र मिश्रले जनाए।

महासेठले साडी बितरण गरेको साक्षी प्रदेश सभासदका उम्मेदवार यादव र क्षिरेश्वर नगरपालिकाका मेयर सुकदेव यादवपनि रहेका छन्।

यस अघि निर्वाचन आयोगले महासेठ पत्नी जुली महतो उम्मेदवार रहेकी धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा आचारसंहिता उल्लंघन गरेको अभियोगमा स्पष्टिकरण सोधेको थियो।

यस्तै, महोत्तरीको निर्वाचन क्षेत्र २ पनि प्रदेशसभाका उम्मेदवार जयनुल राइनले साडी वितरण गरेका थिए। उनले छठ पर्वको पूर्व सन्ध्यामा भगवतीपुरमा साडी वितरण गरेको स्थानीय अरुण यादवले जनाए।

उनका अनुसार भगजतीपुरस्थित एक पोखरीको सबै व्रतालुहरुलाई राइनले साडी वितरण गरी मतदान गर्न अनुरोध गरेका थिए।

निर्वाचन आचारसंहिताको खुल्लेआम उल्लंघन भइरहेपनि आयोग निरिह देखिन थालेको छ।आचारसंहिता उल्लंघनमा मधेश प्रदेशमा सबै दलका उम्मेदवारहरु अगाडी नै देखिएका छन्।

## ओली संघीयता विरोधी : अध्यक्ष नेपाल

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीवाट संघीयतामाथि खतरा रहेको आरोप लगाएका छन्। ओली पटक-पटक संघीयतामाथि प्रहार गर्न खोजेको आरोप लगाउदै अध्यक्ष नेपालले उनको कृयाकलापकै कारण पाँच दलीय गठबन्धन गठन भएको बताए।

जनकपुरधाममा मंगलवार आयोजित अगुवा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रममा उनले सपना देखाएर र उखान टुक्का सुनाएर मुलुक समृद्ध नवन्ने दावी गरे।

' मुलुक बनाउनकालागि भिजनको जरुरी हुन्छ ' उनले भने, त्यो ओली संग छैन्। ' नेपाली जनताले दुई तिहाइ मत दिएर ओलीको नेतृत्वमा स्थायी सरकार गठन गर्ने मौका दियो 'नेपालले भने, तर, उनी भित्र रहेको दम्भले उनको दिमाग नै नर्भस भयो।

'एउटै मुलुकका जनतासंग दोहरो व्यवहार गर्ने ओलीलाई यस पटक जनताले लखेटने छ' उनले भने-'नागरिकताकालागि बलिदानी दिएका मधेशीहरुको अन्तिम इच्छा पुरा गर्ने मौका पनि ओलीले नै खोसे।' प्रतिनिधिसभा र राष्ट्रियसभावाट दुई /दुई पटक बहुमतले पारित गरेर विधायन समितिवाट समेत पारित गरेर प्रमाणीकरणकालागि राष्ट्रपति समक्ष पुर् याएको नागरिकता विधेयक समेत ओलीकै जालझेलले प्रमाणीकरण नभएको उनको आरोप थियो।




अध्यक्ष नेपालले आफूले ल्याएको सामाजिक सुरक्षा भत्तासहितका लोकप्रिय कार्यक्रमको फाईदा नेकपा एमालेले लिन खोजि रहेको बताए। 'मनमोहन अधिकारी र म मिलेर सामाजिक सुरक्षा भत्ता, विधवा महिला, अपाङ्गलाई भत्ता दिने लगायतका लोकप्रिय कार्यक्रम ल्याए' अध्यक्ष नेपालले भने-'त्यहि लोकप्रियता देखेर जनताले गत निर्वाचनमा दुई तिहाई मत पनि दिए, तर नेकपा एमालेका अध्यक्ष ओलीले राम्रो काम गर्न सकेनन् । हामीले कति पटक त्यसलाई सच्याउने प्रयास पनि गरे, उनी गुटको राजनीतिक सुरु गरे, अन्त्यमा हामीले त्यो पार्टी त्याग गरी नयाँ पार्टी निर्माण गरेर अगाडि बढेका छौ।'

नेता नेपालले आफ्नो भाषणको अधिकांश समय एमाले अध्यक्ष ओलीको आलोचनामा खर्चेका थिए।

नेपालको समृद्धि र जनता जनताको भविष्य लेख्ने कमल लिएर हामी तपाईहरुको माझमा आएका छौ, अध्यक्ष नेपालले भने-' आउनुस् अव हामी समृद्ध नेपाल र उज्जवल भविष्य आफै कलमलाई जिताएर लेखौ।'

आफ्ना राजनीतिक जीवनको सुरुवाती अवस्था धनुषामै बितेको स्मरण गर्दै अध्यक्ष नेपालले भने-'हामीले धेरै मेहनत र कष्ट गरेर नेपालमा कम्युनिष्ट पार्टी स्थापित गरियौ र आज त्यही मेहनत र कष्टले कम्युनिष्ट पार्टीहरु नेपालमा फलफुलित भएको छ।' कार्यक्रममा धनुषा निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार रामचन्द्र झाले धनुषाको हरेक क्षेत्रमा आफूले विकास निर्माणमा उल्लेखनिय काम गरेको बताए। जनताको हक अधिकारको लागि आफू जेल समेत भोगेको बताए।

कार्यक्रममा युवा नेता रामबिनोद यादव, वीरेन्द्र यादव, रेखा मण्डलसहित विभिन्न राजनीतिक दल परित्याग गरी सयौं जनाले एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेको घोषणा गरिएको थियो।

नेकपा एसबाट धनुषाको निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधि सभा सदस्य पदमा रामचन्द्र झाले उम्मेदवारी दिएका छन् । सो क्षेत्रमा सत्तारुढ गठबन्धन र एमाले जसपाको गठबन्धन रहेको छैन् ।दुवै गठबन्धनका नेताहरुले मित्रवत प्रतिष्पर्धामा रहेको दावी गरेका छन्।






# दुई प्रतिशतभन्दा कम सवारीसाधनमा मात्रै जडान भयो इम्बोस्ड नम्बर प्लेट

काठमाण्डु । सवारीसाधनको सुरक्षाका लागि महत्वपूर्ण मानिएको इम्बोस्ड नम्बर प्लेट जडान अति सुस्त देखिएको छ । सरकारले इम्बोस्ड नम्वर प्लेट जडान गर्न ठेक्का गरेको छ वर्ष नाघ्दा अहिलेसम्म दुई प्रतिशतभन्दा कम सवारीसाधनले मात्रै जडान गरेको पाइएको छ।

सरकारले पाँच वर्षमा २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानको लक्ष्य लिएकामा हालसम्म ३५ हजार सवारीसाधनले मात्रै नम्बर प्लेट जडान गरेको यातायात व्यवस्था विभागले जनाएको छ।

विभागले अहिले नागरिकलाई नम्बर प्लेट जडानका लागि अनुरोध मात्रै गरिरहेको विभागका प्रवक्ता ईश्वरिदत्त पनेरुले बताउनुभयो । उहाँले भन्नुभयो, "विभाग कानुन कार्यान्वयन गराउने निकाय भएकाले सेवाग्राहीलाई त्यसको कार्यान्वयन गर्न अनुरोध गरिरहेको छ ।" कानुन बनेपछि मान्नुपर्ने सबैको कर्तव्य भएकाले इम्बोस्ड सबैले जोड्नुपर्ने प्रवक्ता पनेरुले बताउनुभयो ।

विभागले कानुन कार्यान्वयनका लागि नम्बर प्लेट जडान गराउन कार्यालयलाई अनुरोध गरिरहेको छ । नम्बर प्लेटको उत्पादन विभागले गर्ने र कार्यालयले त्यसलाई जडान गर्दै लैजानुपर्ने उहाँले बताउनुभयो । कार्यालयले आफूलाई सजिलो हुने गरी नयाँ सवारीसाधन, नवीकरण वा नामसारी के गर्ने भन्ने योजना बनाएर लागू गर्नसक्ने व्यवस्था गरिएको छ । उहाँले भन्नुभयो,"एकै पटक भीड नहोस् र व्यवस्थापन गर्न सजिलो होस् भनेर अहिलेका लागि मिलाइएको हो । पछि सबैमा गर्नुपर्छ ।"

अहिले विभागले कानुनका बिषयमा नागरिकलाई बुझाउने र जडानलाई अनुरोध गरिरहेको र अहिलेसम्म जरिवाना गर्ने गरी कानुन नबनेको उहाँले बताउनुभयो । थप भएको अवधि आगामी वर्ष मङ्सिरसम्म रहेको विभागले जनाएको छ । इम्बोस्ड नम्बर जडान गर्ने बिषय कार्यालयले योजना र कार्यतालिका अनुसार गर्ने प्रवक्ता पनेरुले बताउनुभयो । त्यो अवधिसम्म जडान सकाउन गति बढाउनुपर्ने उहाँले बताउनुभयो। "कसरी गति बढाउन सकिन्छ भनी विभागमा पनि कुराकानी भइरहेको छ", उहाँले भन्नुभयो, "लक्षित सङ्ख्या र अवधि सबैलाई जानकारी भए पनि गति बढाउन गर्नुपर्ने कामका विषयमा छलफल भइरहेको छ।"

***सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आवद्ध गराउन र सवारीसाधनलाई कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रम सफ्टवेयर निर्माण गर्ने उल्लेख भए अनुरुप सञ्चालनमा छ। नम्बर प्लेट छपाइलाई प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख भएकामा उपकरणसहित कारखाना चालू अवस्थामा छ।***

उहाँले अहिलेकै अवस्थामा नम्बर प्लेटमा नेपाली भाषामा बनाउने कुरामा छलफल नभएको समेत स्पष्ट पार्नुभयो । सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान लामो समयसम्म कानुनी अवरोधका कारण वितरण कार्य अघि बढ्न सकेको थिएन । कानुनी अडचन समाधान भएपनि कहिले भाषागत विवाद त कहिले कोभिडका कारण बितरण कार्यले गति लिन सकेको छैन । गत वर्ष जेठमा यसको अवधि सकिएकाले पुनः साढे दुई वर्षका लागि म्याद थप गरिएको थियो ।

इम्बोस्ड नम्बर प्लेट नेपाली भाषामा हुनुपर्ने माग गर्दै अदालतमा दायर मुद्दामा दुई वर्ष अघि अदालतले इम्बोस्ड नम्बर प्लेटमा प्रयोग हुने भाषा अङ्ग्रेजी भाषामै प्रयोग गर्न सकिने निर्णय गरेपनि भाषागत बिवाद अझै कायम रहेको छ । अदालतले छिमेकी देशले पनि इम्बोस्ड नम्बर प्लेटमा अङ्ग्रेजी भाषा नै प्रयोग गरेको र नेपालको छिमकी देशसँग अन्तरदेशीय पारवाहन सम्झौता भएकाले अङ्ग्रेजी भाषाको प्रयोग अनुपयुक्त नहुने ब्यख्या गरेको छ।

विगत पाँच वर्षमा सङ्घीय संसद् र संसदीय समितिमा नम्बर प्लेट नेपाली भाषामा हुनुपर्ने माग सांसदहरूले पटक-पटक राखेका थिए।

नेपाल प्रज्ञा प्रतिष्ठानका पदाधिकारीले पनि प्रधानमन्त्री र भौतिक पूर्वाधार तथा यातायातमन्त्री भेटेर नम्बर प्लेटमा अन्तरर्ाष्ट्रिय भाषाको प्रयोग नगर्न सुझाएका थिए। विभागले विसं २०७३ जेठ १७ गते टाइगर आइटी (द कर्पोरेसन) सँग नम्बर प्लेट आपूर्ति र जडानगर्न सम्झौता गरेको थियो। प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारीसाधनको चोरी, राजस्व छली र आपराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ।

विभागले सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधार निर्माण गरिने उल्लेख थियो। आधुनिक र वैज्ञानिक नम्बर प्लेट खरिदलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरियो । सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आवद्ध गराउन र सवारीसाधनलाई कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रम सफ्टवेयर निर्माण गर्ने उल्लेख भए अनुरुप सञ्चालनमा छ । नम्बर प्लेट छपाइलाई प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख भएकामा उपकरणसहित कारखाना चालू अवस्थामा छ । 'स्टिकर' वा ट्यागजडित सवारीसाधनको विद्युतीय अनुगमनलाई १० स्थानमा गेट निर्माण गर्न सडक विभागसँग समन्वय भइरहेको छ । काठमाडौँ उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ, जोरपाटी र उपत्यका बाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर तथा अत्तरियामा निर्माण हुने छ। विभागले भने कम्पनीसँगको छलफलका आधारमा नेपाली भाषामा नम्बर प्लेट छाप्दा समय र लगानीको समस्या बताउँदै आएको छ । अहिलेको सम्झौता संशोधन भएमा प्लेटको आकार बढाउनुपर्दा त्यसको बजेट पनि बढ्न जाने विभागको तर्क रहेको छ।रासस

# जीर्ण सडक जीर्णोद्धारको माग गर्दै प्रर्दशन

**टुडे समाचारदाता**

राजविराज । लामो समय देखि जीर्ण अवस्थामा रहेको सडकको जीर्णोद्धार गर्न माग गर्दै मंगलवार सदरमुकाम राजविराजमा युवाहरुले सडक अवरुद्ध गरी प्रर्दशन गरेका छन् ।

राजविराजको मुटुमै रहेको नेता चौकमा भेला भएका स्थानीय युवाहरुले सिरहा रोडको नेता चौक देखि राममन्दिर सम्मको सडक जीर्णोद्धारको माग गर्दै सडक अवरुद्ध गरी प्रर्दशन गरेका हुन ।

विहान ९ बजे देखि गरिएको चक्काजामका कारण बजार क्षेत्रको ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको थियो ।

स्थानीय प्रशासनले उक्त सडक निर्माणको जिम्मा लिएको कान्छाराम कन्ट्रक्शनका प्रतिनीधीलाई झिकाई अविलम्ब काम सुचारु गराउने प्रतिबद्धता जनाएपछी २ घण्टा पश्चात चक्काजाम स्थगित गरिएको



प्रर्दशनमा सहभागी युवा मुकेश चौधरीले बताए ।

नगरको मुख्य बजार क्षेत्रमा रहेको उक्त सडक वर्षौदेखि जीर्ण रहेको र यस तर्फ पटक/पटक नगरका जनप्रतिनीधी, सम्बन्धित निर्माण कम्पनी र स्थानीय प्रशासनको ध्यानाकर्षण गराउदा पनि कुनै चासो नदेखाएकाले बाध्यभई चक्काजाममा उत्रिनु परेको स्थानीय युवाहरुले बताएका छन् ।

यस अघि गत भदौ २५ गते पनि युवाहरुले सो सडक खण्डको मरमत सम्भारको माग गर्दै ३ घण्टा चक्काजाम गरेका थिए। प्रर्दशनकारीहरुले यस पल्ट पनि आश्वासन पुरा नभए अनिश्चितकालिन चक्काजाम गर्ने चेतावनी दिएका छन् ।

# संस्कृति र साहित्य जोगाउनमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । संस्कृति एवम् साहित्यिक संगोष्ठी सम्पन्न भएको छ । जनकपुरधामस्थित ओनेसास नेपाल च्यापटर मधेश प्रदेशको आयोजनामा मंगलवार प्रदेश




स्तरीय गोष्ठी सम्पन्न भएको छ।

गोष्ठीमा वक्ताहरुले साहित्य र संस्कृति जोगाउनु पर्नेमा जोड दिएका छन् । वरिष्ठ साहित्यकार राजेन्द्र विमलले सबै सांस्कृति महान भएको उल्लेख गर्दै यसको जगेर्ना आवश्यक रहेको बताए । वर्तमान समयमा संस्कृति बुझाउने व्यक्ति नहुँदा विस्तारै संकटतर्फ उन्मूख हुन लागेको उनले टिप्पणी गरे।

'संस्कृतिमा अन्तरनिहीत जिवनको मूल्य मान्यता हुनुपर्छ,'उनले भने- 'समाजमा एकले अर्कालाई संस्कृति बुझाउने बानी राख्नु पर्छ। त्यो अभाव देखिएको छ। जसका कारण संस्कृति संकटतर्फ गइरहेको छ । नयाँ पुस्तामा संस्कृतिको ज्ञान अभाव देखिएको छ।' कार्यक्रममा ओनेसास नेपाल च्यापटर मधेश प्रदेशका अध्यक्ष निला घिमिरेले मिथिला र नेपाली सांस्कृति विश्वमा चिनाउने उद्देश्यले गरिएको बताइन् । नेपालको भाषा, संस्कृति र साहित्य जोगाउने कार्यक्रमको मूल उद्देश्य भएको उनले जानकारी दिइन् ।

'संस्कृतिले साहित्य जन्माउँछ। साहित्यले संस्कृतिलाई परष्कृत गर्छ,'उनले भनिन्- 'नेपालको सबै भाषा, संस्कृति जोगाउनु पर्छ ।' कार्यक्रममा संस्कृति, भाषा र साहित्यको विकास बारे पनि छलफल भई निराकरणको उपाय बारे पनि बृहत छलफल भएको थियो।

कार्यक्रममा कमला देवी ढुङ्गेलले समिक्षात्मक टिप्पणी र प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा साहित्यकार रोशन जनकपुरी, जनकपुरधाम उप-महानगरपालिकाका प्रमुख मनोज कुमार साह, साहित्यकार केशव प्रसाद पौडेल, सीता अधिकारी, जगमान गुरुङ, रञ्जित कुमार लामा, खगेन्द्र लुइटेल र सरीता अर्यालसहितको उपस्थिति थियो।

# तासका लागि नेपालीले खर्च गरे तीन करोड ५९ लाख

काठमाण्डु । सरकारले विदेशी विनिमयको सञ्चिति घट्दै गएको भन्दै विलाशिताका वस्तु आयातमा प्रतिबन्ध लगाएको महिनौँ भयो । मुलुकको अर्थतन्त्रमा वैदेशिक व्यापारले नकारात्मक असर पारेसँगै सरकारले अति आवश्यक वस्तु बाहेकको आयातमा कडाइ गरे पनि अझै त्यस्ता वस्तुको आयात भने रोकिएको छैन । निर्यातका तुलनामा आयात कमजोर हुँदा मुलुकको वैदेशिक मुद्राको सञ्चिति घट्दै गएको विवरण नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्दै आएको छ।

मुलुकभित्रै उत्पादन गर्न सकिने कृषि उपज र अन्य उपभोग्य वस्तुदेखि नभए पनि हुने र आयात गर्नु नै नपर्ने तासजस्ता वस्तु पनि निर्वाध रूपमा देशभित्र भित्रिइरहेका छन् । अनावश्यक वस्तुको आयातमा बाहिर जाने रकमले मुलुकको सञ्चितिमा असर पारेको छ । भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार चालू आर्थिक वर्षको पहिलो तीन महिनामा यस्ता सामानको आयातमा मोटो रकम बाहिरिएको छ।

चालू आवको असोज मसान्तसम्म नेपालमा विभिन्न मुलुकबाट आयात भएको तासको भुक्तानीका लागि मात्रै रु तीन करोड ५९ लाख १० हजार बराबरको रकम बाहिरिएको देखिन्छ। कूल १६ लाख ९६ हजार दुई सय १२ थान तास आयातबाट सरकारले रु दुई करोड २३ लाख ५६ हजार राजश्वसमेत सङ्कलन गरेको छ।

यस अवधिमा भारतबाट मात्रै रु तीन करोड २५ लाख ५९ हजार मूल्यमा कूल १६ लाख ५६ हजार ३० थान तास आयात भएको छ । त्यस्तै रु ३३ लाख ५१ हजार मूल्य बराबरको कूल ४० हजार एक सय ८२ थान तास चीनबाट आयात भएको छ । त्यस्तै विभागले सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो तीन महिनामा रु तीन लाख ५२ हजार मूल्य बराबरको भिडियो गेमका लागि आवश्यक पर्ने सामान आयात भएको छ। यस अवधिमा रु ३४ करोड १७ लाख बराबरको कलम तथा मार्कर आयात भएका छन्।

**डाइपर र प्याड आयातमा करोडौं बाहिरिँदै**

उद्यमशीलताको विकास गरेर थोरै लगानीमा स्वदेशमै उत्पादन गर्न सकिने बस्तुसमेत करोडौं रकम खर्चेर आयात गर्नुपर्ने अवस्थामा मुलुक पुगेको छ । डाइपर तथा सामान्य कागजबाट बन्नसक्ने न्यापकिन लगायतको आयातका लागि ठूलो रकम मुलुकबाट बाहिरिरहेको छ। विभागले सार्वजनिक गरेको विवरण अनुसार पछिल्लो तीन महिनामा रु एकाउन्न करोड एक्काइस लाख २१ हजार मूल्य बराबरका डाइपर आयात भएको छ। त्यस्तै रु तीस करोड साठी लाख ३४ हजारका सेनिटरि प्याड पनि सोही अवधिमा आयात भएको छ। त्यस्ता वस्तुको उत्पादनमा प्रोत्साहन गर्दै गुणस्तरीय वस्तु उत्पादन गरी आयात निरुत्साहन गर्न सकेमात्रै मुलुकको आर्थिक अवस्था सवल हुनेसक्ने अवस्था छ।

सरकारले बजारमा महिलाका लागि अति आवश्यक मानिएको प्याडको मूल्य सर्वसुलभ होस् भन्ने अभिप्रायले चालू आवको बजेटमार्फत करको दर हेरफेर गरी भन्सार दरमा ९० प्रतिशतसम्मको छुट दिएको थियो।रासस

# गोलाघाटमा एकादशी मेला हुने

भरतपुर । चितवनको गोलाघाटमा एकादशी मेला लाग्ने भएको छ । भरतपुर महानगरपालिका-२८ को आयोजनामा यहाँ उक्त मेला आयोजना गर्न लागिएको हो। पश्चिम चितवनको मुख्य पर्यटकीय क्षेत्र गोलाघाटको प्रचारप्रसार गर्ने उद्देश्यले कात्तिक १७ र १८ गते मेला गर्न लागिएको गोलाघाट एकादशी मेला आयोजक समितिका अध्यक्ष भीमसेन कुमालले जानकारी दिनुभयो।

मेला नारायणी नदी र राप्ती खोलाको सङ्गमस्थल नजिक सञ्चालन हुने र यहाँ भित्रने आन्तरिक तथा बाह्य पर्यटकलाई गोलाघाट धार्मिकस्थलका रूपमा समेत चिनाउने मेलाको उद्देश्य रहेको उहाँको भनाइ थियो।

मेलामा स्थानीय र राष्ट्रियस्तरका कलाकारहरूको समेत प्रस्तुति रहने सचिव बुद्धि कँडेलले जानकारी दिनुभयो । मेलाको आकर्षणका रूपमा ब्राह्मण समुदायको भजन-कीर्तन, दलित समुदायको पञ्चेबाजा, कुमाल समुदायको पाउदुरे, थारू समुदायको लट्ठी नृत्य रहनेछ। एकादशी मेलाले गोलाघाटमा आन्तरिक पर्यटन आगमन बढाउने आयोजकको विश्वास छ।

दुई दिनसम्म चल्ने मेला हेर्न आउनेहरूले यहाँको थारू र कुमाल घरबास 'होमस्टे'मा बास बस्न सक्ने र स्थानीय परिकार चिँचर, हाँस-कुखुरा, घुँगीलगायत परिकारको स्वाद लिन सक्नेछन्। प्रत्येक वर्ष एकादशीका दिन गरिने मेला कोरोनाका कारणले केही वर्ष रोकिएको थियो। चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको गोलाघाटमा विशेष गरेर वन्यजन्तु हेर्नका लागि पर्यटक आउने गर्छन्।

निकुञ्जको जङ्गल र दुई नदीको सङ्गम भएको अत्यन्त सुन्दर र रमणीय गोलाघाटमा नारायणी नदी र राप्ती नदी मिसिएर अगाडि बढ्छ । यहाँ सूर्यास्तको दृश्य नियाल्न पनि स्थानीय तथा बाह्य पर्यटक आउने गर्छन् । फराकिलो भएर बगेको नदी र परपरसम्म कुनै मानवीय बस्ती एवम् भौतिक संरचना नभएको कारण यहाँबाट सूर्यास्तको दृश्य राम्रोसँग अवलोकन गर्न सकिन्छ । सूर्यास्तसँगै बाघ, एकसिङ्गे गैँडा, मृग, चित्तल, गोही यहाँको आकर्षणको केन्द्रविन्दु रहेको छ । मेलामा आउने पर्यटकले जिप सफारी गरी वन्यजन्तु देख्न र गोलाघाटको सुन्दरताको आनन्द लिन सक्नेछन्।रासस

# मधेश प्रदेशका चार जिल्लाको मतपत्र छपाइ हुन बाँकी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा रहेको ८ जिल्ला मध्ये बारा, धनुषा, सर्लाही र रौतहट जिल्लाको मतपत्र छपाइ हुन बाँकी रहेको निर्वाचन आयोगले जनाएको छ।

मधेश प्रदेशका यि चार जिल्ला बाहेक काठमाण्डु, ललितपुर र भक्तपुरको मतमपत्र छपाई हुन बाँकी रहेको छ।

यी जिल्लामा करिब ८४ लाख मपतत्र आवश्यक गर्ने छ। आयोगले हालसम्म समानुपातिक निर्वाचन प्रणालीका लागि करिब ४ करोड तथा पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि ३ करोड १४ लाख ५६ हजार पाँच सय मतपत्र छपाइ गरिसकेको छ। हालसम्म गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही, कपिलवस्तु, प्यूठान, रोल्पा, दाङ, सल्यान, रूकुम पश्चिम तथा रूकुम पूर्वका मतपत्र ढुवानीसमेत भइसकेको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको सबै मतपत्र छपाई सम्पन्न भएर ७५ जिल्लामा ढुवानीसमेत भइसकेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत अब काठमाडौ, ललितपुर, भक्तपुर, बारा, धनुषा, सर्लाही र रौतहट जिल्लाको मतपत्र मात्र छपाइ हुन बाँकी रहेको छ।

**सबै जिल्लामा पहिलो चरणको निर्वाचन सामग्री ढुवानी सम्पन्न**

मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि सबै जिल्लामा पहिलो चरणको निर्वाचन सामग्री ढुवानी कार्य सम्पन्न भएको छ । यी मध्ये डोल्पा, मुगु, जुम्ला, हुम्ला, बाजुरा, गोरखा, मनाङ र सिन्धुली जिल्लालाई आवश्यक पर्ने सम्पूर्ण सामग्री ढुवानी सम्पन्न भएको छ भने बाँकी जिल्लामा थप सामग्री दोस्रो चरणमा लगिने कार्यक्रम छ।

हालसम्म निर्वाचन आयोगले ९३ ट्रक सामान ढुवानी गरिसकेको छ। दोस्रो चरणमा धेरै जनसंख्या र निर्वाचन क्षेत्र भएका तराईका जिल्लाहरुमा सामाग्री ढुवानी गरिने छ।

आसन्न निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत सात जिल्लाको मात्र मतपत्र छपाइ हुन बाँकी छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**माछा मार्दै** : सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको मनसापुरमा माछा मार्दै माझी । *तस्विरः रासस*

# संवेदनशील क्षेत्रमा सुरक्षाको जिम्मा सेनालाई



चितवन । जिल्लाका संवेदनशील क्षेत्रको सुरक्षाको जिम्मा नेपाली सेनाले लिएको छ । सुरक्षाका दृष्टिले संवेदनशील मानिएका क्षेत्रमा कालिबहादुर गणले सुरक्षाको जिम्मा लिएको हो ।

जिल्ला सुरक्षा समितिको निर्णय र केन्द्रीय सुरक्षा रणनीतिअनुसार सुरक्षाको जिम्मा सेनाले लिएको प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार कारागार कार्यालय चितवन र नागरिक उड्डयन प्राधिकरण भरतपुरको सुरक्षाको जिम्मा सेनाले लिएको हो । उहाँले भन्नुभयो, “महत्वपूर्ण प्रतिष्ठान र संवेदनशील क्षेत्रमा सेनाले सुरक्षाको जिम्मा लिएको छ ।”

केन्द्रीय सुरक्षा रणनीतिअनुसार जिल्लाका तीन निर्वाचन क्षेत्र सेनाले गस्ती बढाएको उहाँले जानकारी दिनुभयो । नियमितरूपमा निर्वाचन सुरक्षा रणनीतिअनुसार गस्ती बढाएको भन्दै उहाँले सेनाले आफ्नो नीतिअनुसार काम गरेको बताउनुभयो । निर्वाचनको सुरक्षाका लागि जिल्लामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानका कर्मचारी परिचालन भइरहेको उहाँको भनाइ छ । मङ्सिर १० गतेसम्म संवेदनशील क्षेत्रको सुरक्षाको जिम्मा सेनाले लिने उहाँले बताउनुभयो ।

**३२ थान हतियार बुझाइयो**

निर्वाचनलाई लक्षित गर्दै अनुमति लिएर राखिएका ३२ थान हतियार स्थानीय प्रशासनमा बुझाइएको छ । जिल्ला प्रशासन कार्यालय चितवनले कात्तिक ५ गतेसम्म हतियार बुझाउनका लागि गरेको आह्वानका क्रममा सो सङ्ख्यामा हतियार बुझाइएको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय भण्डारामा ती हतियार बुझाइएको हो । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचलाई स्वच्छ, निष्पक्ष र सुरक्षित बनाउन इजाजतप्राप्त हतियार बुझाउन गरिएको अनुरोधका क्रममा जिल्ला प्रहरी कार्यालय चितवनमा २१ थान, वडा प्रहरी कार्यालयमा सात थान र इलाका प्रहरी कार्यालय भण्डारामा चार थान बुझाइएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिनुभयो ।

उहाँका अनुसार बुझाइएका हतियारमध्ये १२ बोरको १४ थान, १३ बोरको एक थान, पइन्ट टुटु राइफल १० थान, एकनाले बन्दुक एक थान, दुईनाले बन्दुक एक थान र अन्य हतियार रहेका छन् । इजाजतप्राप्त हतियार बुझाउन आनाकानी गरेको पाइएमा हतियार नियन्त्रणमा लिइने छ । नबुझाएका हतियार नियन्त्रणमा लिएर कानुनी प्रक्रिया सुरु गरिने उहाँले जानकारी दिनुभयो ।रासस

# निर्वाचनको निष्ठासँग गाँसिएको आचारसंहिता

काठमाण्डु । “निर्वाचन, पद, पैसा, पहुँच र प्रलोभनबाट प्रभावित हुनु हुँदैन । विचार, सिद्धान्त, इमान र निष्ठाबाट निर्देशित हुनुपर्छ ।” निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले दोहोऱ्याइरहने यो अभिव्यक्तिप्रति कुनै पक्षको असहमति देखिँदैन । सिद्धान्ततः सबैले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहीत, पारदर्शी र मितव्ययी निर्वाचनको वकालत गरिरहेकै देखिन्छ तर व्यवहारतः तीनै दल, उम्मेदवार र व्यक्तिमध्येबाट आफूले जित्ने र आफ्नो पक्षमा हुने हकमा प्रचलित निर्वाचन कानुन र आचारसंहिताको अनुकूलको व्याख्या र उल्लङ्घनसम्म गर्न/गराउन पछि पर्दैनन् ।



मतदाताहरूमा कसैको डर, धाक, धम्की र प्रलोभनमा नपरी निर्धक्क भएर मतदान गर्न निर्वाचन आयोगले गर्दै आएको आग्रह एकातिर छ, आचारसंहिताको उल्लङ्घनका पछिल्ला घटनाहरूको सार्वजनीककरण पनि सँगसँगै भइरहेको देखिन्छ । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन हुने १७ दिन अगाडि पछि (कात्तिक १७ देखि मङ्सिर १ गतेसम्म मात्रै राजनीतिक दल र उम्मेदवारले आमसभा, कोणसभा, गोष्ठी, सम्मेलनजस्ता प्रचारप्रसारका कार्यक्रमका गर्न पाउनेलगायतका नयाँ व्यवस्था यस पटकको निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ (म) मा गरिएको छ । राजनीतिक दलको परामर्शमा ल्याइएको यो आचारसंहितामा भड्किलो खर्च नगराउन उम्मेदवारले तामझाम नगरी २५ जनासम्म मात्रै लिएर उम्मेदवारले मतदाताको घरदैलोमा प्रचारप्रसारका लागि जान पाउने व्यवस्था छ ।

आयोगले कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयनका क्रममा सबै जिल्लाका निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख) लाई जिल्ला निर्वाचन अधिकृत तोकेको छ । केन्द्रीय र जिल्लास्तरमा आचारसंहिता अनुगमन त छँदैछ । आचारसंहिताको दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झन्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने स्पष्ट व्यवस्था भएको आयोगले स्मरण गराइसकेको छ । उक्त स्मरणका बाबजुद सोको पूर्ण पालना नभएको निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको भनाइ छ ।

आयोगले निर्वाचन आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिइसकेको छ । यस्तै उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा खर्च गर्दा आयोगले तोकेको सीमाभित्र रही खर्च गरे नगरेको र निर्वाचन आचारसंहिता पालना भए नभएको सम्बन्धमा तल्लो तहबाट नै निगरानी गर्नुपर्ने देखिन्छ । उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा गरेको खर्च तथा आचारसंहिता पालनाको सम्बन्धमा गहन तथा सूक्ष्म रूपमा अध्ययन तथा निगरानी गरी आचारसंहिताको दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाइसकेको छ ।

आचारसंहिताको केन्द्रीय अनुगमन समितिका संयोजकसमेत रहनुभएका निर्वाचन आयुक्त भण्डारीले आचारसंहिताको उल्लङ्घन गरेको पाइए कडा कारबाही गरिने जनाउँदै आउनुभएको छ । निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न र गराउन सम्बन्धित पक्षलाई निर्देशन दिइएको र उल्लङ्घनका घटना र उजुरीका आधारमा कारबाही प्रारम्भ भएको बताउनुहुन्छ ।

आयोगले आचारसंहिता तथा निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्तेलेखन गरिएको, तुल ब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी २४ घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न लगाएको छ । सो बमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिबाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोध्ने क्रम जारी रहेको छ । हालसम्म करिब ६० वटा स्पष्टीकरण आयोगले सोधिसकेको छ ।

यस पटकको निर्वाचनका लागि खर्चको हद निर्धारण र यसको अनुगमनको कडा प्रबन्ध गरिएको छ । आचारसंहितामा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न अङ्ज्याकेट, कमिज, भेष्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याज, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्ने, प्रयोग गर्ने, बिक्री वितरण गर्ने वा प्रदर्शन गर्ने वा गराउन प्रतिबन्ध गरिएको छ । घर वा जग्गाधनीको स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्ने वा गराउन नहुने व्यवस्था गरिएको छ ।

बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्ने वा गराउन नहुने, निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्ने वा झुटा साइट खोल्ने वा सञ्चालन गर्ने वा गराउन नहुने व्यवस्था पनि रहेको छ । उम्मेदवार र राजनीतिक दलका नेताहरूबारे सामाजिक सञ्जालबाट लाञ्छनापूर्ण अभिव्यक्ति दिइएको पाइए एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

आचारसंहिता २०७९ को दफा ४ (त) मा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मत परिणामका सम्बन्धमा कुनै मतसर्वेक्षण गर्ने वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्ने वा प्रकाशन गर्न नपाइने स्पष्ट उल्लेख छ । साथै, आचारसंहिताको दफा ४ को (थ) मा निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्ने तथा सामाजिक सञ्जालमा प्रकाशन गर्ने वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्नसमेत नहुने व्यवस्था छ । स्थानीय तहका पदाधिकारीले आफू निर्वाचित भएको स्थानीय तह बाहेकको स्थानमा कुनै उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्न चाहेमा सरकारी साधन स्रोत (सवारी साधन, सुरक्षाकर्मी आदि)को प्रयोग नगरी मात्रै गर्न पाइने व्यवस्था छ ।

नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले प्रचारप्रसारका लागि आचरण पालना गर्नुपर्ने र सरकारी स्रोत साधनको प्रयोग गर्न नहुने स्पष्ट गरिएको छ । सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जालमार्फत मत माग्न नहुने प्रावधान रहेको छ । यसको अनुगमनको विषय पेचिलो भएकाले आयोगले सामाजिक सञ्जालका कम्पनी र कानून कार्यान्वयन गर्ने निकायको सहयोग लिइरहेको छ । राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलका लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणालीबमोजिम बन्दसूचीका उम्मेदवारको सङ्ख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने भनिएको छ । राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ सङ्गठनले प्रचारप्रसारमा सञ्चारमाध्यमको प्रयोग गर्दा निश्चित आचरण पालना गर्नुपर्ने व्यवस्था पनि रहेको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार नेताहरूले उम्मेदवारी मनोनयनपत्र दर्ता गर्न जाँदा आचारसंहिता विपरीत बाजागाजा प्रदर्शन गरेको, केही पार्टीका विभिन्न उम्मेदवारहरूले आफूलाई स्वतन्त्र उम्मेदवार भन्दै लौरो चिह्नबाट प्रचारप्रसार गरेको, शिक्षक/कर्मचारीले प्रचारप्रसारमा संलग्न रहेको, मतदतालाई प्रलोभन दिन उम्मेदवारहरूबाट विदेश जान फ्री भिसा, फ्री टिकटजस्ता आश्वासन दिइने गरिएको, केही सरकारी निकायले आयोगको सहमति लिनुपर्नेमा सहमति नलिई नयाँ कार्यक्रम सञ्चालन गर्ने, तल सुविधा बढाउने, कर्मचारी नियुक्ति र सरुवा गर्ने गरेकोजस्ता विषयमा स्पष्टीकरण सोधिएको छ ।

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा प्रदेश निर्वाचन क्षेत्रलाई समेटने गरी बढीमा तीनवटा सम्पर्क कार्यालय खोल्न र प्रदेशसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रदेशसभा सदस्य पदको उम्मेदवारले एकवटा सम्पर्क कार्यालय खोल्न सक्ने गरी निर्देशन पनि दिएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य समानुपातिकतर्फ बन्दसूचीमा उम्मेदवारी पेस गरेका दलले प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्रमा एकवटा सम्पर्क कार्यालय खोल्न सक्ने र माथिका प्रकरण नं १. २. र ३ बमोजिम कार्यालय स्थापना गर्दा सम्भव भएसम्म एउटै स्थान प्रयोग गर्न सक्नेछन् ।

आयोगले आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले गर्न सक्ने निर्वाचन प्रचारप्रसारलाई सीमित गरेको छ । साथै सो दफाको उपखण्ड (क १) ले त्यसरी प्रचार प्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न रोक लगाएको सम्बन्धमा सोबारे सम्पूर्ण व्यवस्थाको पालना गर्न तथा गर्न लगाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत नेपाल सरकारका मन्त्रीलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश सरकारका मन्त्रीहरूलाई निर्देशन दिइसकेको छ ।

प्रधानमन्त्री, विभिन्न राजनीतिक दलको उच्च नेतृत्वमा रहेका व्यक्ति तथा मन्त्रीहरू समेतले हेलिकप्टर सेवा प्रयोग गर्दा लागेको खर्चको व्ययभार सरकारी कोषमा पर्छ, पर्दैन स्पष्ट गरी लेखी पठाउन तथा निर्वाचन आचारसंहिता लागू भएको मिति २०७९ असोज १२ पछि नेपाल सरकारका मन्त्री वा अन्य पदाधिकारीबाट सरकारी कोषबाट रकम व्यहोर्ने गरी के कुन प्रयोजनका लागि हेलिकप्टर सेवा प्रयोग भएको छ भन्ने विषयमा पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगले निर्देशन दिएको छ । त्यसरी हेलिकप्टर प्रयोग गर्दा लागेको खर्च राजनीतिक दलको खर्चको सीमाभित्र पर्ने हो सो खुलाई पठाउन त्यसरी हेलिकप्टर सेवा प्रयोग गर्ने पदाधिकारीसँग सम्बन्धित राजनीतिक दलहरूलाई लेखी पठाउन पनि आयोगले निर्णय गरेको छ । निर्वाचन प्रचारप्रसारका सन्दर्भमा सरकारी साधन स्रोत हेलिकप्टर तथा अन्य साधनसमेत प्रयोग गर्नु निर्वाचन आचारसंहिताको प्रतिकूल मानिएको छ । अख्तियारको दुरुपयोग भएको हो भने निर्वाचन प्रचारप्रसारका सन्दर्भमा हेलिकप्टरलगायत सरकारी साधनको उपयोग भएको विषयमा आवश्यक निगरानी तथा अनुसन्धान गरिदिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्वाचन आयोगले अनुरोध गरेको छ ।रासस

# हनुमानढोका दरबार क्षेत्रमा बढ्न थाले पर्यटक

काठमाण्डु । विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रमा घुम्न आउने पर्यटकको संख्या बढ्न थालेको छ । चालु आर्थिक वर्षको साउनमा सार्क बाहिरका देशका दुई हजार आठ सय ६४ पर्यटक आएको काठमाण्डु महानगरपालिका हनुमानढोका दरबार संरक्षण कार्यक्रमले जनाएको छ ।

सोही महिनामा सार्कका एक हजार तीन सय ९९ पर्यटक दरबार क्षेत्रमा आएका थिए । यो संख्या भदौ महिनामा बढेर सार्क बाहिरी देशका तीन हजार छ सय १० र सार्क देशका एक हजार आठ सय ९३ पर्यटक आएको कार्यक्रमका कार्यालय प्रमुख रोशन शाक्यले राससलाई जानकारी दिनुभयो ।

यो संख्या असोजमा अझै बढेको छ । असोजमा सार्क बाहिरी देशका दश हजार पाँच सय ९४ र सार्क देशका तीन हजार एक सय ७८ पर्यटकले हनुमानढोका दरबार क्षेत्रको भ्रमण गरेका छन् । कोरोनापछि पहिलोपटक पर्यटकको संख्या सन्तोषजनक हुन थालेको उहाँले सुनाउनुभयो ।

कार्यक्रमले सार्क देशका पर्यटकसँग रु एक सय ५० र सार्क बाहिरी देशका पर्यटकसँग रु एक हजार शुल्क लिने गरेको छ । कार्यक्रमअन्तर्गत महानगरपालिका वडा नं १९, २०, २३ र २४ वडाका सम्पदा क्षेत्र पर्छन् । कार्यक्रमले यी वडाका मूर्त एवं अमूर्त सम्पदाको संरक्षणका लागि काम गर्दै आएको छ ।रासस

# पञ्चाङ्ग निर्णायक विकास समितिका लागि सातजनाको दरबन्दी स्वीकृत

काठमाण्डु । नेपाल सरकारले नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका लागि सातजनाको दरबन्दी स्वीकृत गरेको छ ।

अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रिपरिषद्ले समितिका लागि सातजनाको दरबन्दी कायम गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्ले विसं २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरेको थियो । गठन आदेश २०७८ साल साउन १८ गते नेपाल राजपत्रमा प्रकाशन भएपछि कार्यान्वयनमा आएका हो ।

गठन आदेश कार्यान्वयनका लागि समितिमा सातजनाको दरबन्दी स्वीकृत भएको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो । जसअनुसार कार्यालय प्रमुखका रूपमा कार्यकारी निर्देशकले काम गर्ने उल्लेख छ । कार्यकारी निर्देशकले समितिको सदस्यसचिवका रूपमा समेत काम गर्ने व्यवस्था गठन आदेशमा छ । समितिमा पञ्चाङ्ग अधिकृत एक, वरिष्ठ कम्प्युटर सहायक (नायब सुब्बा) एक, प्रशासन सहायक (खरिदार) एक, लेखापाल (खरिदार) एक, कार्यालय सहयोगी र चालक एक/एक गरी सातजनाको दरबन्दी कायम हुने भएको हो । गठन आदेशले तोकेका सबै काम गर्न यो जनशक्ति कम हुने भए पनि अहिलेलाई यही जनशक्तिले काम चलाउनुपर्ने भएको छ ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०७९/०७/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट कर्जा लिने ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम, ठेगाना | धितोको विवरण |
|---|---|
| **नाम : सितायन कोल्ड स्टोर्स**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग, जनकपुर, धनुषा<br>दर्ता नं. १२८१२/१५२१/२०७५/२०७६, दर्ता मिति : २०७५/११/२३<br>पान नं. ६०९३४३०६३, दर्ता मिति : २०७५/११/२६<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा वडा नं. ९<br>**प्रोप्राईटर : अनिता कुमारी** | अनिता कुमारीको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. २ स्थित कित्ता नं. ४१३ र ४१७ को क्षेत्रफल क्रमशः ०-०-११-३ र ०-०-२-३ भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**जमानतकर्ता**

| १. नाम : अनिता कुमारी | २. नाम : शम्भु शरण मिश्र |
|---|---|
| <br>ना.प्र.नं. ३९६९९७२३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/१२/२१<br>बाबुको नाम : गोपाल प्रसाद<br>पतिको नाम : शम्भु शरण मिश्र<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. २<br>हाल : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा वडा नं. २ | <br>ना.प्र.नं. १७/३९६९२०५३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४१/०३/३०, धनुषा<br>बाबुको नाम : हरी शरण मिश्र<br>बाजेको नाम : रुदल मिश्र<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. २<br>हाल : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा वडा नं. २ |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५,
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# गरिमा घट्यो

नेपाली कांग्रेसमा हालको पहिलो पुस्ताका नेताहरु मध्ये विमलेन्द्र निधि पनि शीर्ष वरियताका हुन् । पदिय हिसाबले वर्तमान सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा भन्दा उनी पछि छन् । कांग्रेसको ४ औं महाधिवेशनमा नेता निधिले देउवालाई सभापतिमा चुनौती दिएका थिए । देउवा भन्दा उनको मत निकै कम थियो । तर उनी सभापतिमा उम्मेदवारी दिने हैसियतमा पुगेका थिए । कांग्रेसको उपसभापति र देशको उपप्रधान तथा गृह मन्त्री भइसकेका निधिका लागि राजनीतिक रुपमा पार्टीको सभापति, देशको प्रधानमन्त्री, उपराष्ट्रपति र राष्ट्रपति बाहेकको पद छैन् । हुनत राजनीतिमा पदिय मर्यादा तलमाथि भइरहन्छ । संघीय सांसद भइसकेका नेताहरु हाल प्रदेश सभाका लागि चुनाव लडेका छन् । संघीय सरकारमा मन्त्री रहेका केही नेताहरु पछिल्लो समय प्रदेश सरकारका मन्त्री बनेका थिए । मर्यादा क्रममा निधि पनि माथि कै नेता हुन् । उनले हरेक स्थानमा आफ्नो मर्यादाक्रम खोजिरहन्छन् । नेता निधिको पकड कांग्रेसमा कमजोर भएसँगै उनको मर्यादा पनि खस्किन थालेको छ । निधिको गरिमा घटेको धेरैले महसुस गरेका छन् । देउवासित सभापतिमा भिडेका नेता निधिले छठ पर्वमा सूर्य दर्शनका लागि आएकी देउवा पत्नी डा.आरजु देउवालाई गरेको चाकडी उनको पदिय मर्यादा प्रतिकुल रहेको व्यापक चर्चा छ । प्रधानमन्त्री देउवाकी राजनीतिक उत्तराधिकारीको रुपमा स्थापित श्रीमती देउवालाई नेता निधिले विमानस्थलमा स्वागत गर्न जानु, विमानस्थलबाट होटेल सम्म पुऱ्याउनु उनको पद विपरित हो । नेता निधिकी पत्नीले डा.देउवालाई विमानस्थलमा स्वागत, होटेलमा राख्ने, घाटमा दर्शन गराउने लगायतका कार्यहरुगर्दा बढी उपयुक्त हुने थियो । श्रीमती देउवाको पछि लाग्ने स्तरका कार्यकर्ता निधि होइनन् । उनी स्वयं कांग्रेस सभापति देउवापछिको नेता हुन् । देउवाको पहिलो सभापतित्वकालमा निधि उपसभापति थिए । तर उनले आफ्नो गरिमालाई खसाउदै श्रीमती देउवाको कार्यकर्ता सरह देखिए । डा.आरजुको विदाइका लागि नेता निधिले विमानस्थलमा झण्डै आधी घण्टा प्रतिक्षा गरे । नेतृ देउवाले लक्ष्मीनिया बजारस्थित कांग्रेसका सह महामन्त्री महेन्द्र यादवको प्रचार कार्यालयमा भाषण गरिरहँदा नेता निधि विदाइका लागि विमानस्थलमा कुरेका थिए । प्रधानमन्त्री पत्नी देउवा विमानस्थलमा पुगेपछि नेता निधिले संक्षिप्त रुपमा मात्र विदाई गर्न पाए । कांग्रेसमा डा.देउवा सरहका केन्द्रिय सदस्यहरु १ सय बढी छन् । धनुषा जिल्लाबाट पनि आनन्द ढुंगाना, मुक्ता यादव, मिनाक्षी झा लगायत केन्द्रिय सदस्यहरु छन् । तर नेता निधिले उनीहरुलाई औपचारिक रुपमा दिनुपर्ने सम्मान पनि गर्दैनन् । प्रधानमन्त्री पत्नी डा.आरजु देउवाको पछि लागेको देखेर धनुषाका धेरै कांग्रेसी नेताहरुको शीर निहुरिएको हुनुपर्छ ।

# निर्वाचनमा सचेत नागरिकको भूमिका



**सञ्जय साह मित्र**

अहिले निर्वाचनको माहोल बनिरहेको छ । देश निर्वाचनमय भइरहेको छ । सबै क्षेत्रमा निर्वाचनको चर्चा चलिरहेको छ । मंसिर ४ मा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन हुन भइरहेको छ । यो निर्वाचनले संघमा र प्रदेशमा नयाँ सरकारको गठन गर्नेछ । यसो हेर्दा यो सामान्य विषय पनि लाग्छ किनभने देशमा आवधिक निर्वाचन हुनु स्वाभाविक हो र नयाँ निर्वाचनले दिने जनादेशले नयाँ सरकार पाउनु स्वाभाविक हो । आखिरमा जहाँसुकैको निर्वाचनले त दिने भनेको परिवर्तन नै हो । लोकतान्त्रिक देशमा हुने यस्ता निर्वाचनले देशको सरकारमा परिवर्तन ल्याउनु स्वाभाविक हो । सत्तासीन दललाई पुनः सरकार बनाउने अवसर प्राप्त हुन सक्छ वा विकल्प आउन सक्छ तर सबैतिर हुने भनेको यही नै हो ।

लोकतन्त्रमा निर्वाचनलाई लोकतन्त्रको प्राण भनिन्छ । यसकारण लोकतान्त्रिक देशमा निर्वाचनलाई एउटा महापर्वको रुपमा लिइन्छ । अझ नेपालमा त प्रतिनिधि सभा र प्रदेश सभाको एकैपटक निर्वाचन भइरहेको छ । एकै समयमा देशभर दुई प्रकृतिको सरकार बनाउने निर्वाचन हुनु भनेको साँच्चिकै नेपाली लोकतन्त्रको महत्वपूण दिन हो । यसले धेरै दूरगामी प्रभाव पर्ने निश्चित छ ।

एकै दिन देशभर दुई किसिमको संसदको निर्वाचन हुँदा निर्वाचनमा हुने देशको खर्चको ठूलो हिस्सा जोगिन पुग्छ । किनभने एउटा निर्वाचन गराउँदा जति जनशक्ति र सम्पूर्ण संयन्त्र परिचालित हुन्छन्, अर्को निर्वाचन हुँदा झन् बढी गर्नुपर्ने हुन्छ । अहिलेको परिवेशमा निर्वाचन निकै महँगो हुँदै गइरहेको छ ।

यो महँगो उम्मेदवारको लागि पनि हो र निर्वाचन आयोग तथा सरकारको लागि पनि हो । यसरी एकैपटक निर्वाचन हुँदा धेरै किसिमले खर्च जोगिन सक्छ । साथै चुनाव भएपछि देश फेरि सामान्य अवस्थामा सजिलै जान्छ । निर्वाचन आयोगले निर्वाचन गराइरहेको छ । यस लोकतान्त्रिक महापर्वलाई हरेक वर्ग तथा समुदायले सहयोग गर्नुपरेको छ । मुख्य गरी बौद्धिक तथा नागरिक समाजले निर्वाचनलाई सफल बनाउन विभिन्न किसिमले भूमिका खेल्न सक्छन् । तर सबैभन्दा बढी महत्वपूर्ण भूमिका भनेको चुनावमा मतदाताले आफ्नो मताधिकारको सदुपयोग गर्नु हो । निर्वाचनमा निर्धक्क सहभागी हुन पाउनु र निर्वाचनमा मतदाताले आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न पाउनु सबैभन्दा ठूलो कुरो हो निर्वाचनको निम्ति । र, यस निम्ति हरेक सचेत नागरिकले महत्वपूर्ण भूमिका निर्वाह गर्नु जरुरी छ ।

निर्वाचन आयोगले यस निर्वाचनमा एक प्रतिशतभन्दा तल अर्थात कम बदर मत होओस् भन्ने चाहेको छ । वास्तवमा बदर मत हुनु भनेको कसैको लागि राम्रो होइन । यसकारण निर्वाचन आयोगको यो चाहना निकै पवित्र रहेको छ । सबैभन्दा जरुरी यही पनि हो कि मतदाताले आफूले चाहेको उम्मेदवारको चिन्हमा आफ्नो मत संकेत सजिलो गरी गर्न पाउनु पर्छ । मतदाताले दिएको मत पनि सदर हुनुपर्छ । मतदाताले दिएको मत सदर होओस् भनेर नागरिक समाज वा बौद्धिक वर्गले सचेतना पूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

यसको लागि हरेक सचेत नागरिकले आफ्नो घरमा कुन व्यक्तिको मत बदर हुने सम्भावना छ भन्ने विषयमा विचार गरेर सम्भव हुँदासम्म मतपत्रमा सही तरिकाले छाप लगाउने अभ्यास नै गर्नु उचित हुन्छ । एउटा सामान्य विचार यो छ कि त्यस्ता ज्येष्ठ नागरिक जसको हात काम्दछ, मतपत्रमा छाप लगाउने बेलामा ठिक ठाउँमा छाप नपरेर तल, माथि, दाया, बाया परेर मत नै बदर हुने अवस्था हुन सक्छ । यो अनिवार्य छैन तर पनि यस प्रकार अन्य मतदाता पनि हुन सक्छन् जसबाट चुनाव चिन्ह चिनेर जुन सही ठाउँमा मत हाल्नुपर्ने हो त्यहाँ हाल्न नसकेर अलिकति गडबड होला कि भन्ने हुन सक्छ । यस्तो सम्भाव्य व्यक्तिलाई पनि मतदानको सदुपयोग गर्न सिकाउनु सबैको कर्तव्य हुन जान्छ । हरेक घरमा जान्नेले सिकाउनु उचित हुन्छ भने परिवारभन्दा बाहिर पनि यस्तो सम्भावना देखिएका व्यक्ति वा परिवारलाई सही मतदानको लागि सिकाउनु उचित हुन्छ । यसरी मतदान गर्ने तरिका सिकाउँदा के कुरामा विचार पुऱ्याउनु उचित हुन्छ भने कुनै एक चिन्हमा नै चाहिँ सिकाउनु हुँदैन । तर यदि कुनै दलको कार्यकर्ता वा उम्मेदवारका समर्थक, प्रचारक छन् भने उनीहरुले त आफूले जसको मतदानको लागि प्रचार गरिरहेका छन्, तिनलाई नै सिकाउँछन् ।

निर्वाचन आयोगले जारी गरेको आचार संहिताको पनि पालन हुनु जरुरी छ । निर्वाचन आचार संहिताले देशमा स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनको लागि भूमिका निर्वाह गर्न सक्छ । सबैले देखेका छौँ, निर्वाचन आयोगले सम्भव भएसम्म आचार संहिता पालन गराउने प्रयास गरिरहेको छ । यसलाई अझ बलियो गरी पालन गराउन सर्वसाधारण सचेत नागरिकको पनि भूमिका हुन सक्छ ।

निर्वाचन हरेक वर्ष हुँदैन । यो पाँच वर्षमा हुने भएकोले मतदातालाई आफ्नो एक मत कति अमूल्य छ भन्ने कुरो पनि सिकाउनु उचित हुन्छ । हरेक मतदाता निर्वाचनको मूल्यमा बराबर छन् । कोही शिक्षित वा निरक्षर भनेको छैन, धनी वा गरिब भनेको छैन । जुनसुकै भागमा रहेका मतदाताको मूल्य बराबर छ । यसैले हरेक मत मूल्यवान छ । हरेक मतदाता मूल्यवान छन् । मतदाताले कुनै लोभ, मोह तथा अन्य प्रलोभनमा नपरेर स्वविवेकले जसलाई आफ्नो उचित प्रतिनिधि ठान्दछन्, तिनलाई मत दिने वातावरण बनाइनु पर्छ । यस किसिमको वातावरण बनाउन सचेत नागरिकले पनि निकै सार्थक भूमिका खेल्न सक्छन् ।

सचेत नागरिकले कुनै व्यक्ति वा पार्टी वा चिन्हको प्रयोग नगरेर सामाजिक संजालमा पनि सचेततापूर्व मतदानका कुरा सार्वजनिक गर्न सक्छन् । आजभोलि सामाजिक संजाल निकै सशक्त भएर आएको छ । सामाजिक संजालले धेरै प्रभाव पारिरहेको देखिएको छ । सामाजिक संजालको उपयोग सचेत नागरिकले गर्ने हो भने यसको प्रभावकारिकता धेरै हुन्छ । यससम्बन्धि भिडियो वा चित्र बनाएर पनि राख्न सकिन्छ । साथै आफ्ना कुरालाई सर्वसाधारणले सजिलो बुझ्ने गरी प्रस्तुत गर्न पनि सकिन्छ । तर ध्यान दिनुपर्ने कुरो के पनि हो भने निर्वाचनको मर्म र निर्वाचन आयोगको आचार संहितालाई नाघ्नु हुँदैन । निर्वाचनमा सशक्त, ज्येष्ठ नागरिक, बिरामी, सुत्केरी तथा यस्ता किसिमका मतदाता नागरिकलाई सबैले सहानुभूति राख्नुपर्छ । सबैले पहिले मतदानको अवसर प्रदान गर्नु उचित हुन्छ । मतदान केन्द्रमा पनि यस किसिमको व्यवस्था भने भएको हुन्छ तर सबैलाई थाहा नहुन पनि सक्छ तर जो सचेत नागरिक छन्, तिनले भने यसलाई ध्यान दिएर अलिकति सहयोग गरिदिने हो भने मानवता हराउँदैन र यस प्रकारका मानिसले सहयोग तथा सहानुभूति पाएको पनि अनुभव हुन्छ ।

शान्तिपूर्ण मतदान गराउनमा हरेकले भूमिका खेल्न सक्छ । जसरी अहिले हरेक ठाउँमा पक्ष वा विपक्ष तथा निर्वाचनको अनेक कोण र प्रतिकोणबाट चर्चा चलिरहेको छ, त्यसरी नै निर्वाचनलाई सही अर्थमा हरेक मतदाताले शान्तिपूर्ण, भयरहित वातावरणमा मतदानको सही उपयोग गर्न पाउने कुरालाई एउटा अवसरको रुपमा लिनुपर्ने हो । निर्वाचन आयोगलाई यस किसिमले सहयोग गर्नु भनेको निर्वाचन आयोगलाई मात्र सहयोग गरेको होइन, समग्र निर्वाचनलाई र वास्तवमा लोकतन्त्रलाई सहयोग गरेको हो ।

लोकतन्त्र त हरेक नागरिकको अभिव्यक्तिसित जोडिएको व्यवस्था न हो, यस व्यवस्थालाई सार्थक बनाउने निर्वाचनलाई मर्यादित, स्वच्छ तथा स्वतन्त्र बनाउन सचेत नागरिकले सकारात्मक भूमिका खेल्नु अनिवार्य हुन्छ । लोकतन्त्रलाई सफल बनाउन हरेक सचेत नागरिकले आफ्नो सार्थक भूमिकालाई प्रदर्शन गरिनु आवश्यक छ ।

# गर्भवती महिलाले दाँतमा ब्रेसेस बाँध्न मिल्छ ?

गर्भवती महिलाहरूलाई उनीहरूको गर्भावस्थामा धेरै कुराहरु नगर्न सल्लाह दिइन्छ। निश्चित प्रकारको औषधि लिनेदेखि केही खानेकुराहरूसम्म। यद्धपि, गर्भवती महिलाहरूले अर्थोडोन्टिक उपचार गर्नुहुँदैन भन्ने कुनै वास्तविक कारण छैन ।

धेरै गर्भवती महिलाहरूले गर्भवती हुँदा कोष्ठकहरू लगाउने (दाँतमा तार अर्थात् ब्रेसेस बाँध्नु) बारे मुख्य चिन्ताको विषय भनेको बढ्दो बच्चाको लागि कोष्ठकहरू सुरक्षित छन् कि छैनन् भन्ने हो। तिनीहरूमध्ये धेरै कोष्ठक (दचबअभक) सामग्रीको बारेमा चिन्तित छन्। सुसमाचार यो हो कि कोष्ठकहरू गर्भावस्थाको समयमा लगाउन पूर्ण रूपमा सुरक्षित छन्। प्रक्रियाको एक मात्र भाग जुन असुरक्षित मान्न सकिन्छ जुन एक्स-रे गतिविधि हो। यदि तपाईंले पहिले नै आफ्नो एक्स-रे लिइसक्नुभएको छ भने, तपाईंले कुनै कुराको चिन्ता लिनु पर्दैन। तपाईंको अर्थोडन्टिस्टले ब्रेसेसका लागि विकल्पहरूको विस्तृत विविधताबारे छलफल गर्न सक्छ जुन तपाईंको लागि उपयुक्त हुनेछ।

कोष्ठकहरू (दचबअभक) ले सामान्य असुविधा निम्त्याउन सक्छ चाहे तपाईं गर्भवती हुनुहुन्छ वा हुनुहुन्न। पहिलो केही हप्तामा तपाईलाई केही सुन्निने र दुखाइ हुनसक्छ जुन समयसँगै कम हुनुपर्दछ। धेरै नयाँ अर्थोडोन्टिक बिरामीहरूको लागि अप्ठ् यारोपन हुन सक्छ। फेरि, यो कम हुनुपर्दछ किनकि तपाईंको जिब्रोले तपाईंको मुख भित्र रहेको उपकरणको लागि समायोजन गर्न आफ्नो गतिविधिहरू परिवर्तन गर्दछ। तपाईंले समायोजन नगरेसम्म, तपाईं बोल्नका चुनौतीहरू र अन्य अवरोधहरूको सामना गर्न सक्नुहुन्छ। तपाईंले कठिन शब्दहरू र वाक्यांशहरू अभ्यास गरेर त्यो समस्या समाधान गर्न सक्नुहुन्छ।

अर्थोडोन्टिक उपचार सुरु गर्नुअघि, कुनै पनि पूर्व-अवस्थित पेरियफोडेन्टल अवस्थालाई सम्बोधन गर्नुपर्छ। गर्भावस्थाले धेरै हर्मोनहरू परिवर्तन गराउँछ। ती परिवर्तनहरूले तपाईंको मुखलाई असर गर्न सक्छ । तपाईलाई हुनसक्ने एउटा समस्या भनेको तपाई गर्भवती नभएको खण्डमा तपाईको दाँत सामान्यतया हुने भन्दा खुकुलो हुने अवस्था हो। तपाईंले रिटेनर लगाउनु पर्ने हुन सक्छ वा तपाईंले लामो समयसम्म आफ्नो कोष्ठकहरू लगाउनु पर्ने हुन सक्छ। ताकि विशेषज्ञले तपाईंको कोष्ठकहरू हटाउनुअघि तपाईंको हार्मोनहरू सामान्यमा फर्किने मौका पाउँछन्। कोष्ठकहरू हटाएपछि रिटेनरले दाँतलाई एकसाथ राख्छ। तसर्थ, मौखिक स्वास्थ्य कायम राख्न थप कठोर मौखिक स्वच्छता दिनचर्या आवश्यक हुनेछ।

द्रुत दाँत क्षय अर्को समस्या हो जुन गर्भावस्थाको समयमा उत्पन्न हुन सक्छ दाँत क्षयको लागि ठूलो सम्भावना हो। किनभने बढ्दो बच्चाले तपाईंबाट भिटामिन र खनिजहरू निकाल्छ। यसको कारणले गर्दा, तपाईंले गर्भवती हुँदा र तपाईंको दाँतमा कोष्ठकहरू हुँदा तपाईंले भिटामिन डी र क्याल्सियम जस्ता अतिरिक्त पोषक तत्वहरू उपलब्ध गराउनुहुन्छ भनी सुनिश्चित गर्न आवश्यक छ। तपाइँ पूरकहरू लिन सक्नुहुन्छ वा तपाइँ केहि आहार परिवर्तनहरू लागू गर्न सक्नुहुन्छ जसले तपाइँलाई समान प्रभाव दिन सक्छ। तपाईंको पोषक तत्वहरू राख्नाले तपाईंलाई रक्तस्राव र क्षय जस्ता लक्षणहरूबाट बचाउन सक्छ।

यदि तपाईलाई ब्रेसेसको बारेमा चिन्ता छ भने ओर्थोडन्टिस्टले पारंस्परिक ब्रेसेसका विभिन्न विकल्पहरूको बारेमा तपाईसँग कुरा गर्न सक्छ। तपाईलाई चासो लाग्ने एउटा विकल्प भनेको इन्भिजेलिङ विकल्प हो। इन्भिजेलिङ एक प्रणाली हो जसले परम्परागत कोष्ठकहरूको सट्टा दाँत सीधा गर्न प्लास्टिक एलिग्नेर्स प्रयोग गर्दछ ।

यदि तपाइँ गर्भवती हुँदा तपाइँको दाँत सीधा गर्ने बारे विवेकी हुन चाहनुहुन्छ भने, तपाइँ अर्थोडन्टिस्टलाई इन्भिजेलिङ बारे सोध्न सक्नुहुन्छ। अर्को फाइदा जुन तपाईं इन्भिजेलिङ को प्रयासबाट बाहिर निस्कन सक्नुहुन्छ। त्यो भनेको सजिलो सफाई पहुँच हो। तपाईं कुनै पनि समयमा इन्भिजेलिङ प्रणाली हटाउन सक्नुहुन्छ ताकि तपाईं आफ्नो दाँत सफा गर्न सहजै पहुँच पाउनुहुनेछ। यसले दाँत क्षय समस्याहरूको सम्भावना कम गर्न सक्छ।



**डा मुकुन्द झा**

*(डा मुकुन्द झा अर्थोडोन्टिक्स तथा डेन्टोफेसियल अर्थोपेडिक्स हुन्।)*
*सौजन्य :स्वास्थ्य यखबर*

# ‘राजाभन्दा धनी’ ब्रिटेनका नयाँ प्रधानमन्त्रीको सम्पत्ति कति ?

**बीबीसी**

एशियाली मूलका पहिलो ब्रिटिश प्रधानमन्त्री ऋषि सुनक र उनको परिवारको आर्थिक मामिला अहिले सूक्ष्म निगरानीमा परेको छ । यति धेरै धनी मान्छेले कसरी जीवनयापन खर्चको सङ्कट बेहोरिरहेको यूकेका औसत सर्वसाधारणहरूका लागि कठोर आर्थिक निर्णय लिन सक्छन् भन्ने प्रश्न कतिपय मानिसहरूले गरेका छन् ।

कन्जरभेटिभ पार्टीको नेता बन्ने अभियानमा लागेपछि उनका आर्थिक गतिविधिबारे शृत लाबद्ध खुलासाहरू भए। त्यसपछि मानिसहरूले सुनकको सम्पत्ति कति छ भनेर सोधखोज सुरु गरे । यद्यपि “निष्ठावान् र विनम्र भएर काम गर्ने“ वाचा गर्दै सुनकले यो पदका लागि आफू उपयुक्त व्यक्ति भएको र “ब्रिटिश जनताका लागि दिनरात काम गर्ने प्रतिबद्धता“ गरेका छन् ।

**सुनक र उनको परिवारको सम्पत्ति कति छ र यसले पार्न सक्ने फरकबारे हामीलाई के थाहा छ ?**

**‘राजपरिवारभन्दा धनी?’**

राजा चार्ल्स तृतीयले यूकेका नयाँ प्रधानमन्त्रीलाई शपथ गराइरहँदा सामाजिक सञ्जालमा मानिसहरूले यी दुई जनाको जोडी कति धेरै धनी होला भन्दै प्रतिक्रिया जनाइरहेका थिए ।

सुनकले आफ्नो कुल सम्पत्तिबारे खुलाएका छैनन् । सण्डे टाइम्सले प्रकाशन गर्ने धनी व्यक्तिहरूको सूची अनुसार पूर्व ब्याङ्कर सुनक र भारतीय प्रविधि कम्पनीको उत्तराधिकारी उनकी श्रीमती अक्षता मूर्ति करिब ८३ करोड अमेरिकी डलर बराबरको सम्पत्तिका मालिक हुन् । जबकि आफ्नी आमाको अधिकांश सम्पत्तिको उत्तराधिकारी रहेका नयाँ राजामा आउनेछ।दिवंगत हुनुअघि महारानी एलिजाबेथ द्वितीया लगभग ४२ करोड अमेरिकी डलरको मालिक रहेको सण्डे टाइम्सको उक्त सूचीमा जनाइएको छ ।

**अक्षता मूर्तिको सम्पत्ति**

अक्षता मूर्तिको सम्पत्ति र आर्थिक मामिलाबारे गत अप्रिलपछि मानिसहरूमा चासो बढेको थियो।आफ्ना श्रीमान्माथिको राजनीतिक दबाब कम गर्न उनले विदेशमा हुने आफ्नो कमाइको पनि यूकेमा कर तिर्ने घोषणा गरिन्।

त्यसबेला अर्थमन्त्री रहेका सुनकले आफ्नो आर्थिक पारदर्शिता र कर व्यवस्थापनबारे आलोचना खेपिरहेका थिए । आफूले नियम पालना गरिरहेको दाबी सुनकले गरे पनि विपक्षी लेबर पार्टीले उनले जवाफ दिनुपर्ने अरू विषयहरू पनि रहेको बताएको थियो।

**सुनकको राजनीतिक यात्रा**

सुनक अफ्रिकाबाट यूके आएका भारतीय मूलका बाबु आमाबाट १९८० मा साउथह्याम्पटनमा जन्मिएका हुन्।उनका बुबा जनरल फिजिसिअन र आमा औषधि पसल सञ्चालक हुन् । उनले एउटा विशेष निजी विद्यालय विन्चेस्टर कलेजमा पढे र गर्मी बिदाका बेला साउथह्याम्पटनका रेष्टुराँमा वेटरका रूपमा काम गरे ।

उनले अक्सफर्ड विश्वविद्यालयमा दर्शन, राजनीति र अर्थशास्त्र पढे।क्यालिफोर्नियाको स्ट्यान्डफर्ड यूनिभर्सिटीबाट एमबीए गरेका उनले त्यहीँ पढ्दा भावी श्रीमती अक्षता मूर्तिलाई भेटे जो भारतीय अर्बपति, विशाल प्रविधि कम्पनी इन्फोशिसका सह-संस्थापक नारायण मूर्तिकी छोरी हुन्।यी दम्पतीका दुई छोरीहरू छन् ।

सन् २००१ देखि २००४ सम्म सुनकले गोल्डम्यान स्याक्स ब्याङ्कमा विश्लेषकका रूपमा काम गरे। पछि उनी दुई वटा आर्थिक लगानी सम्बन्धी विशेष कोष हेज फन्डमा साझेदार बने । उनी सन् २०१५ मा रिचमन्डको नर्थ योर्कशरको निर्वाचन क्षेत्रबाट सांसद बनेका सुनक पूर्ववर्ती टरिजा मेको सरकारमा कनिष्ठ मन्त्री बने।बोरिस जोनसनले उनलाई अर्थ मन्त्रालयमा दोस्रो वरियतामा रहने चीफ सेक्रेटरी टू द ट्रेजरीमा नियुक्त गरे।अन्ततः फेब्रुअरी २०२० मा उनलाई चान्सलर (अर्थमन्त्री)मा पदोन्नति गरियो ।

**कति तलब पाउँछन्**




प्रधानमन्त्रीको रूपमा सुनकको वार्षिक आय १८५,००० अमेरिकी डलर (दुई करोड २३ लाख नेपाली रुपैयाँ बढी) हुन्छ।उनले दुई तरिकाबाट तलब पाउँछन्। एउटा प्रधानमन्त्रीको रूपमा र अर्को सांसदको रूपमा ।

सांसद र पूर्व अर्थमन्त्रीको रूपमा उनको वार्षिक आय १७१,६४० अमेरिकी डलर थियो। प्रधानमन्त्री भएपछि उनले थप १३०,१६० अमेरिकी डलर भत्ता पाउँछन् । आम मानिसको तुलनामा उनको तलब धेरै भए पनि विश्वका कतिपय सरकार प्रमुखले पाउने तलबभन्दा उनको तलब कम हो। उदाहरणका लागि अमेरिकी राष्ट्रपतिको वार्षिक तलब ४००,००० अमेरिकी डलर (पाँच करोड २३ लाख नेपाली रुपैयाँ बढी) हुन्छ ।

**व्यक्तिगत सम्पत्ति कति छ**

राजनीतिमा आउनुअघि सुनक उच्च नाफा कमाइरहेका दुई वटा हेज फन्डका साझेदार थिए र यूकेका सबैभन्दा धनी मध्येका सांसद भए।द टाइम्स पत्रिकाका अनुसार उनी “२५ वर्षे उमेरको आसपासमा दशौं करोडका धनी“ बने तापनि आफूसँग भएको सम्पत्तिबारे उनले कहिल्यै सार्वजनिक रूपमा बोलेका छैनन् ।

आफूले पढेको विद्यालयलाई एक लाख युरो अनुदान दिएपछि विपक्षी लेबर पार्टीले यसअघि उनको आलोचना समेत गरेको थियो । लेबर पार्टीले ट्याक्स हेभन देशहरूको प्रयोग गरेर सम्पत्ति कमाएकोबारे समेत प्रश्न उठाएको थियो। इन्डिपेन्डेन्ट पत्रिकाले ट्याक्स हेभन भनिने ब्रिटिश भर्जिन आइल्याण्ड र केम्यान आइल्याण्डबाट सन् २०२० को नाफा लिने सूचीमा सुनक पनि रहेको विवरण प्रकाशित गरेको थियो।सुनकका प्रवक्ताले उक्त दाबी भरपर्दो नभएको बताएका थिए ।

**ब्लाइन्ड ट्रष्टमा लगानी**

युकेका राजनीतिज्ञहरूले सरकारी ओहोदामा पुगेपछि प्राय ब्लाइन्ड ट्रष्ट भनिने कोषमा लगानी गर्छन्। यसले उनीहरूको पैसा कहाँ लगानी भएको छ थाहा नदिई उनीहरूलाई नियमित आम्दानीको बाटो दिन्छ ।

यसको उद्देश्य भनेको नीतिगत निर्णयबाट सांसदहरूलाई थप सम्पत्ति आर्जन गर्ने सम्भावित स्वार्थको द्वन्द्वबाट सांसदहरूलाई अलग्गै राख्नु हो। तर यो अभ्यास आफैँमा विवादास्पद छ।मन्त्री हुँदा उनले यो कोषमा आफ्नो लगानी रहेको खुलाएका थिए ।

सुनकले सन् २०१९ तत्कालीन अर्थमन्त्री साजिद जाभेदको सहायक भएपछि यस्तो कोषमा लगानी रहेको जानकारी गराएका थिए। तर लेबर पार्टीले भने अर्थमन्त्रीलाई लगानी गर्ने कम्पनीमा सहभागी हुन छुट दिन नहुने बताएको थियो । विपक्षी पार्टीले उनको लगानी र सन् २०२० मा उनी मन्त्री भएयता ती लगानीबाट भइरहेको आम्दानीबारे खुलाउन माग गरेको छ।यो कोषले भने सुनकले मन्त्रीले पालना गर्नुपर्ने नियम पालना गरेको जनाएको छ ।

पूर्व प्रधानमन्त्री टरिजा मेले पनि यस्तो कोषमा लगानी गरेकी थिइन्। तर उनका पूर्ववर्ती डेभिड क्यामरुनले भने पदमा जानुअघि यस्ता सबै कोषमा भएका लगानी बिक्री गर्नु उचित हुने बताउने गरेका थिए ।

सुनकले धेरै ठाउँमा सम्पत्ति राखेको बुझिएको छ।उनले आफ्नो निर्वाचन क्षेत्रमा सन् २०१५ मा १५ लाख युरोमा अति मूल्यवान् घर किनेका थिए । उनले लण्डनमा पनि महँगो घर किनेका छन् जसको मूल्य सन् २०१० मै ४५ लाख परेको थियो। उनको परिवारको नाममा साउथ केन्जिङ्गनमा पनि अपार्टमेन्ट र सान्टा मानिका क्यालिफोर्नियामा प्रशान्त महासागरको दृश्यावलोकन गर्न सकिने एउटा पेन्टहाउस छ ।

सुनकले यसअघि करदाताको पैसाबाट सरकारले उपलब्ध गराउने फ्ल्याट प्रयोग गरेका थिए। प्रधानमन्त्री भए पछि उनी अब डाउनिङ स्ट्रिटको नम्बर १० मा बस्न सक्नेछन् ।

**अक्षता मूर्तिको पृष्ठभूमि**

अक्षता मूर्ति भारतीय अर्बपति नारायण मूर्तिको अरबौं सम्पत्तिको उत्तराधिकारी हुन्।सन् १९८० मा जन्मिएकी अक्षतालाई जन्मिएको केही समयमै उनका बुबापट्टिका हजुरबुवा र हजुरआमासँग छोडेर उनका बुबा आमा कामका लागि मुम्बई गएका थिए ।

त्यसको अर्को वर्ष नारायण मूर्तिले एउटा प्रविधि सेवा प्रदायक कम्पनी इन्फोसिस सह-स्थापना गरे जसले उनलाई भारतको सबैभन्दा धनी व्यक्तिहरू मध्ये एक बनायो । अक्षता मूर्ति अर्थशास्त्र र फ्रान्सेली अध्ययन गर्नका लागि क्यालिफोर्नियाको निजी उदारवादी क्लेरेमन्ट म्याककेन्ना कलेजमा भर्ना भइन् । डेलोइट एवं युनिलिभरमा काम र स्ट्यानफर्ड विश्वविद्यालयमा एमबीए अध्ययन गर्नुअघि अक्षताले एउटा फेसन कलेजबाट डिप्लोमा गरिन्।ऋषि र अक्षताको भेट स्ट्यानफर्डमै भयो र सन् २००९ मा विवाह गरे ।

**पारिवारिक सम्पत्ति**

भारतकै सबैभन्दा ठूलो मध्येको इन्फोसिस अहिले यूके सहित ५० देशमा सञ्चालनमा छ।बङ्गलोरमा मुख्यालय रहेको यो कम्पनीले सन् २०२१ मा १३ अर्ब ५० करोड अमेरिकी डलर कारोबार गरेको छ ।

मूर्तिले सन् २०११ मा यसको अध्यक्षबाट राजीनामा दिए पनि यसमा अझै उनको केही लगानी बाँकी छ। कम्पनीको पछिल्लो वार्षिक प्रतिवेदन अनुसार अक्षताका बुबा नारायणको ०.३९ प्रतिशत लगानी अझै बाँकी छ।फोर्ब्सको एउटा अनुमान अनुसार नारायणको सम्पत्ति करिब ५ अर्ब अमेरिकी डलर बराबर सम्पत्ति छ ।

ऋषि पत्नी अक्षताको नाममा पनि इन्फोसिसमा ०.९ प्रतिशत शेअर छ र उनले यसबाट आएको लाभ बापत यूकेमा कर पनि तिरेकी छिन्।उनको भागको शेअर मूल्य करिब ८० करोड अमेरिकी डलर बराबर हुन्छ ।

**यूकेमा अन्य लगानी**

उनको मुख्य व्यावसायिक चासोहरू मध्ये एक क्याटामरन भेन्चर्सको लन्डनस्थित शाखा हो जसलाई सन् २०१३ मा मूर्ति र सुनकले संयुक्त स्थापना गरेका थिए र त्यस कम्पनीले नयाँ व्यवसायहरूमा लगानी गर्छ ।

कम्पनी हाउसमा मूर्ति एक जिम चेन, डिग्मे फिटनेसको निर्देशक हुन्।कोभिड महामारीको समयमा उनको कम्पनीलाई प्रशासनिक काममा मात्र सीमित राखिएको थियो । लिङ्कडइनमा रहेको मूर्तिको खातामा समेत उनलाई न्यू एन्ड लिङ्वूडको निर्देशकको रूपमा चिनाइएको छ।उक्त कम्पनीले पुरुषहरूको लागि उच्च स्तरको लुगाहरू उत्पादन गर्छ ।

# डिजिटल अनावरण गर्दै एमालेको घोषणापत्र सार्वजनिक



काठमाण्डु । नेकपा (एमाले)ले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि तयार पारिएको घोषणापत्र मंगलबार सार्वजनिक गरेको छ।

मंगलबार यहाँ आयोजित एक समारोहमा सो पार्टीले आफ्नो घोषणापत्र सार्वजनिक गरेको हो । एमालेले श्रव्य दृश्यका माध्यमबाट आफ्नो दलले गर्ने काम कारबाहीका बारेमा जानकारी दिएको छ। कुल २० हजार शब्द रहेको घोषणापत्रको एमाले अध्यक्ष केपी शर्मा ओलीले डिजिटल अनावरण गर्दै सार्वजनिक गर्नुभएको हो।

सो घोषणापत्रमा एमालेले राष्ट्रिय हित स्वाधीनताको रक्षामा जोड दिएको छ । राजनीतिक स्थायित्वमा जोड दिएको सो पार्टीले मितव्ययी, पारदर्शी र जनउत्तरदायी शासन व्यवस्था, राष्ट्रिय पूँजी निर्माण र समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न आफ्नो घोषणापत्र केन्द्रित रहेको जनाएको छ। एमालेले आफ्नो घोषणापत्र कार्यान्वयन हुने २० वटा आधार पनि प्रस्तुत गरेको थियो ।रासस

# मत खसाल्नुअघि गम्भीरतापूर्वक विचार गर्नुस् : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा 'राष्ट्रियहितको रक्षा र संवर्द्धन : स्थायित्व, सुशासन र विकासको प्रवर्द्धन' मुख्य सङ्कल्प बोकेर मतदातासमक्ष जाने भएको छ।

अघिल्लो निर्वाचनमा नेपाली जनताले राजनीतिक स्थायित्व र समद्धिका लागि मत दिएर मुलुकको सबैभन्दा ठूलो पार्टी बनाएको घटनाको स्मरण गर्दै एमालेले आगामी निर्वाचनका लागि जारी गरेको घोषणापत्रमा एक मतले देशको भाग्य कोर्ने भएकाले अमूल्य मत खसाल्नुअघि गम्भीरतापूर्वक विचार गर्न अपिल गरेको छ।



पार्टी अध्यक्ष केपी शर्मा ओलीले डिजिटल अनावरण गरी जारी भएको घोषणापत्रमा मुलुकमा न्याय, समानता र समृद्धिका जनआकाङ्क्षा पूरा गर्न एमालेले अविचलित निष्ठाका साथ लडिरहने सङ्कल्प गरेको छ । आगामी निर्वाचन विभिन्न सङ्कटको चक्रव्यूहबाट मुलुकलाई मुक्त गर्ने निर्णायक अवसर भएको उल्लेख गर्दै अध्यक्ष ओलीले भन्नुभयो,"देशका समस्या देशभित्रैबाट समाधान गर्न हामी सक्षम छौं भनी संसारलाई देखाउने अनुकूल समय हो।'

गम्भीर र संवेदनशील राष्ट्रिय परिस्थितिका बीचमा हुन गइरहेको निर्वाचनको विशेष महत्त्व रहेको उल्लेख गर्दै एमालेले भनेको छ,"हामीले खसाउने प्रत्येक मतले मुलुकको आगामी बाटो र भविष्यको फैसला गर्नेछ।'

कोभिड महामारीको चुनौतीबीच पनि एमाले नेतृत्वको सरकार इतिहासकै सर्वाधिक गतिशील, उपलब्धिपूर्ण र सफल रहेको दाबी गर्दै छोटो अवधिमै संविधानको सफल कार्यान्वयन गरेको विषय घोषणापत्रमा समेटिएको छ।

प्रदेश र स्थानीय सरकार गतिशील बनेको, संविधान निर्माण भएको तीन वर्ष र निर्वाचनको पहिलो वर्षभित्रै सङ्घीयताको सफल कार्यान्वयनको उदाहरण विश्वमै नौलो भएको, संविधानप्रति असन्तुष्ट दलसमेत सरकारमा सहभागी हुनु, संविधानको कार्यान्वयनमा सहमत बन्नु र संविधानको सर्वस्वीकार्यता स्थापित हुनुलाई त्यस अवधिका उल्लेख्य उपलब्धिका रूपमा घोषणापत्रमा चित्रण गरिएको छ।

सार्वभौम समानता, पारस्परिक लाभ एवं सम्मान र अहस्तक्षेपका मान्यतामाथि आधारित भएर विदेश सम्बन्ध सदृढ गरिएको उल्लेख गर्दै घोषणापत्रमा भनिएको छ"कतिपय नसुल्झेका समस्या सुल्झायौँ र नयाँ कामअघि बढाई सम्बन्धलाई नयाँ उचाइमा पुऱ्यायौँ।'

घोषणापत्रमा नयाँ नक्सा प्रकाशनमा ल्याएको, अतिक्रमित भूमि फिर्ताका लागि कूटनीतिक संवाद सुरु गरेको, नेपालले बाह्य सम्बन्ध विस्तार र सुदृढीकरणमा गुणात्मक विकास गरेको घटना स्मरण गरिएको छ। एमालेले राष्ट्रिय स्वाधीनता र स्वाभिमानको अभिवृद्धि गर्न जरुरी रहेको उल्लेख गरेको छ। एमाले नेतृत्वकालमा भूकम्पपछिको पुनःनिर्माणमा अन्तर्राष्ट्रिय जगत्ले समेत प्रशंसा गरेको उदाहरणीय सफलताका रूपमा रहेको, सरकार निर्माणपछि लगातार सात प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि गरेको, बाह्य लगानीमा ठूलो परिमाणमा वृद्धि भएको घोषणापत्रमा दाबी गरिएको छ।

एमालेले 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने दिशामा प्राप्त उपलब्धिले जनतामा सुखद् भविष्यप्रति विश्वास बलियो र मनोबल उच्च बनाएको उल्लेख गरेको छ। घोषणापत्रमा आगामी निर्वाचनमार्फत गतिहीनता, अवरोध र उल्टो यात्रालाई रोकी देशलाई शान्ति, स्थिरता, स्थायित्व, भ्रष्टाचार नियन्त्रण र सुशासन तथा विकासको बाटोमा अग्रसर गराउन आवश्यक रहेको उल्लेख गरिएको छ।रासस

# गुणस्तरीय स्वास्थ्य सेवाका लागि तीन खम्बे नीति: मन्त्री लामा

चितवन । बागमती प्रदेशका स्वास्थ्यमन्त्री निमा लामाले स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन तीन खम्बे नीति लिनुपर्ने बताउनुभएको छ । मातृ तथा बाल स्वास्थ्य क्लिनिकको मंगलबार यहाँ शुभारम्भ कार्यक्रममा बोल्दै मन्त्री लामाले स्वास्थ्य सेवालाई गुण्स्तरीय बनाउनका लागि भौतिक पूर्वाधार, आधुनिक उपकरण र दक्ष जनशक्ति अत्यावश्यक रहेको बताउनुभयो।

स्वास्थ्य क्षेत्रको विकासका लागि यी कुरा पूरा हुन आवश्यक रहेकाले प्रदेश सरकार सोही अनुरुप अघि बढेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, “स्वास्थ्य क्षेत्रको विकासका लागि प्रदेश सरकार तयार रहेको छ।” प्रदेश सरकारले बिरामीको चाप र आवश्यकता अनुसार बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो । कोरोना सङ्क्रमणपछि स्वास्थ्य क्षेत्रलाई हेर्ने दृष्टिकोण बदलिएको भन्दै उहाँले गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरेर सङ्घीयताको आभास दिलाउन कर्मचारीहरूलाई निर्देशन दिनुभयो। प्रदेशका १३ जिल्लामा प्रदेशस्तरीय अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्र रहेको बताउँदै उहाँले प्रादेशिक अस्पताललाई आवश्यक उपकरण खरिद प्रक्रियामा रहेको बताउनुभयो।

स्वास्थ्य क्षेत्रको विकासका लागि तीन तहका सरकारबीच समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, “स्वास्थ्य क्षेत्रको विकासका लागि तीन तहको समन्वय आवश्यक छ।”

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेल र भरतपुर महानगरपालिका स्वास्थ्य शाखाप्रमुख दीपक सुवेदीले जनताको सेवाका लागि स्वास्थ्य क्षेत्र महत्वपूर्ण रहेको बताउनुभयो । स्वास्थ्य क्षेत्रमा भएका समस्या हटाउनका लागि उहाँहरूले मन्त्रीसँग आग्रह गर्नुभयो । गुणस्तरीय सेवाका लागि जनशक्ति पर्याप्त हुन जरुरी रहेको उहाँहरूको भनाइ थियो।

कार्यक्रममा स्वास्थ्य कार्यालय चितवनका प्रमुख दुर्गादत्त चापागाइँले भरतपुर महानगरपालिकाले सञ्चालन गर्दै आएको मातृ तथा बाल स्वास्थ्य क्लिनिक प्रदेश सरकारले नीति तथा कार्यक्रममा ल्याएपछि पुनः कार्यालयले सञ्चालन गर्न लागेको जानकारी दिनुभयो।रासस

# अर्थमन्त्री शर्मासँग अमेरिकी राजदूतको शिष्टाचार भेटवार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री जनार्दन शर्मासँग नेपालका लागि नवनियुक्त अमेरिकी राजदूत डिन आर थम्प्सनले शिष्टाचार भेटवार्ता गरेका छन्।

अर्थमन्त्रालयमा मंगलबार भएको शिष्टाचार भेटवार्तामा द्विपक्षीय सहयोग र हितबारे छलफल भएको अर्थमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

मन्त्री शर्माले नेपालमा रहँदा सफल र सुखद् कार्यकालका लागि नवनियुक्त राजदूत थम्प्सनलाई शुभकामना दिएका थिए।

# एकीकृत समाजवादी घोषणापत्र : कृषि उत्पादकत्वमा जोड

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)ले कृषि उत्पादकत्वमा वृद्धिका लागि कृषि पूर्वाधारमा ठूलो लगानीको अवधारणा ल्याएको छ।



आगामी निर्वाचनका लागि तयार पारिएको घोषणापत्रमा कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण तथा किसानलाई कृषियन्त्र, मल, बीउ, प्रविधिको सहज उपलब्ध गराउने लक्ष्य लिएको छ।

किसानले उत्पादन गरेका वस्तु खेर जान नदिन हरेक पालिकामा शीतभण्डार (कोल्डस्टोर) तथा कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने, सम्पूर्ण कृषिभूमिमा सुपरजोन, जोन, ब्लक र पकेटस्तरका आधुनिक फार्मको विकास गरी माटो अनुकूल बाली उत्पादनमा जोड दिँदै दुई वर्षभित्र मुलुकलाई आधारभूत खाद्यान्न, माछा, मासु, अण्डा र दूधमा आत्मनिर्भर बनाउने र पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइने विषयलाई प्राथमिकतामा राखिएको छ।

आधुनिक कृषि, संरक्षित कृषि बजार र सम्पन्न किसानको अवधारणा रहेको उक्त कार्ययोजनामा रासायनिक मलप्रतिको निर्भरता हटाउँदै प्राकृतिक-जैविक मल उत्पादनतर्फ किसानलाई आकर्षित गराउने र बर्सेनि हुने मलको अभावलाई अन्त्य गर्नका लागि मल कारखाना स्थापनामा गर्ने विषय समावेश छन्।

भूमि बाँझो राख्न नपाउने, बाँझो जमिनमा खेती गर्ने किसानलाई उत्पादनका आधारमा अनुदान दिने, कृषियोग्य भूमिमा चक्लाबन्दी एवं गरा सुधार र सामूहिक एवं सहकारी खेतीमा जोड दिइएको छ।

पार्टीका महासचिव डा बेदुराम भुसालका अनुसार युवा तथा महिला कृषकलाई आधारभूत आधुनिक कृषि शिक्षा, व्यावसायिक तालिम, सहुलियत सरल कर्जा प्रवाह व्यवस्था गर्ने, किसान र कृषि उद्यमीलाई कृषि बिमाका लागि आवश्यक रकम अनुदानमा दिने व्यवस्था छ।

रोजगारीका लागि विदेशिएका युवालाई कृषि पेशामा आकर्षित गर्न रु १० लाखसम्म निर्ब्याजी ऋण दिने व्यवस्था गरिएको छ । 'विदेशिएका युवालाई स्वदेश फर्काऊँ, कृषि उत्पादनमा वृद्धि गरौँ !' अभियान नै सञ्चालन गर्ने, किसानले उत्पादन गर्ने प्रमुख खाद्य बालीमा न्यूनतम समर्थन मूल्य तोकेर त्यसभन्दा कम बजार मूल्य भएमा सरकारले नै खरिद गर्ने व्यवस्था मिलाउने घोषणापत्रमा उल्लेख छ।रासस

# निर्वाचनका लागि दुई लाख ४६ हजार जनशक्ति

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका निर्वाचनका लागि सुरक्षाकर्मीबाहेक कुल दुई लाख ४६ हजार जनशक्तिको प्रबन्ध गरिएको छ।




निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ बमोजिम निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदमा आवश्यकतानुसार कर्मचारी नियुक्त गर्न वा तोक्न सक्ने व्यवस्था रहेको छ ।

नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनमा आयोगको जिम्मेवारीबमोजिम कार्य सम्पादनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई खटाउन वा काममा लगाउन सकिने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ मा 'जनशक्ति' भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी सम्झनुपर्छ र सो शब्दले त्यस्तो निकायमा काजमा, करारमा वा ज्यालादारीमा कार्यरत कर्मचारीलाई समेत जनाउने उल्लेख गरिएको छ।

आयोगको कान्तिपथस्थित कार्यालयमा सञ्चालनमा रहेको समानुपातिक निर्वाचन प्रणालीका मुख्य निर्वाचनको कार्यालयमा ५५, निर्वाचनका लागि गत असोज २० गतेसम्ममा सबै जिल्लामा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आइसकेको छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने मुख्य निर्वाचन अधिकृतका लागि न्याय परिषद्को सिफारिसमा जिल्ला अदालतका न्यायाधीश र निर्वाचन अधिकृतका लागि न्याय सेवा आयोगको सिफारिसमा न्याय सेवाका रा.प. द्वितीय श्रेणीका कर्मचारीलाई खटाइएको आयोगका सहायक प्रवक्ता ऋषिराम भुसालले बताउनुभयो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत एक, सहायक निर्वाचन अधिकृत, (राप. द्वितीय श्रेणी वा सो सरह वा राप. तृतीय श्रेणी वा सो सरह)- एक, लेखा अधिकृत वा लेखापाल (रा.प.तृ. श्रेणी वा सो सरह वा (रा.प.अनं प्रथम श्रेणी वा सो सरह) एक, सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) एकजना रहनेछन्।

यस्तै कम्प्युटर अपरेटर (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) एक, सवारी चालक (सवारी साधन भएमा) एक, सहयोगी कर्मचारी (श्रेणीविहीन) दुई, निजी सुरक्षा अधिकारी (पि.एस.ओ.) एकजना गरी नौजना रहनेछन् । निर्वाचन अधिकृतको कार्यालयमा पनि नौजना कर्मचारी दरबन्दी रहने भुसालले जनाउनुभयो।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन कार्यविधि), २०७९ मा भएको व्यवस्था अनुसार दुई सय ५० सम्म मतदाता भएका मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत एक-एकजनासहित नौ, दुई सय ५१ देखि पाँच सयसम्म मतदाता भएका मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत एक-एकजनासहित ११ जना कर्मचारी रहनेछन्। पाँच सयभन्दा बढी मतदाता भएका मतदान केन्द्रमा थप एकजना स्वयंसेवक रहनेछन् । कार्यविधिमा अस्थायी मतदान केन्द्रको पनि व्यवस्था छ।

मतदान केन्द्रसम्बन्धी खर्च तथा मतदान केन्द्रमा खटिने मतदान अधिकृत लगायतका कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिने कार्यलाई व्यवस्थित गर्न थप जनशक्ति आवश्यक भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनका लागि मतदान केन्द्रका आधारमा लेखापाल वा सहलेखापाललाई काजमा ल्याउन सक्नेछ।

मतपत्र रुजु गर्ने, प्याकेजिङ गर्ने तथा मतदान अधिकृतलाई मतपत्र बुझाउने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनका लागि मतदाता सङ्ख्याका आधारमा राजपत्र अनङ्कित वा सो सरहका कर्मचारी काजमा ल्याउन सक्ने व्यवस्था गरिएको छ।

सोका लागि पन्ध्र हजारसम्म मतदाता भएका निर्वाचन क्षेत्रको लागि एक, पन्ध्र हजार एकदेखि तीस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि दुई, तीस हजार एकदेखि पैतालिस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि तीन, ४५ हजार एकदेखि ६० हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रका लागि चार, ६० हजार एकदेखि ७५ हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रका लागि पाँच, ७५ हजारभन्दा बढी मतदाता भएको निर्वाचन क्षेत्रका लागि छजना कर्मचारी काजमा ल्याउन सकिनेछ।

मतदान केन्द्रका लागि आवश्यक पर्ने अन्य निर्वाचन सामग्रीको चेकजाँच, रुजु, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनका लागि निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीबाट अपुग हुने देखिएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनका लागि थप जनशक्ति काजमा ल्याई कार्यसम्पादन गर्न सकिनेछ।

सोका लागि एक सयसम्म मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयका लागि राजपत्र अनङ्कित वा सो सरहको एक र श्रेणीविहीन वा सो सरहको कर्मचारी एकजना गरी जम्मा दुई, एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयका लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुई र श्रेणीविहीन वा सो सरहको कर्मचारी एकजना गरी तीन, दुई सयभन्दा बढी मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयका लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीन र श्रेणीविहीन वा सो सरहको कर्मचारी एकजना गरी चारजना रहन सक्नेछन्।रासस


**बटेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बटेश्वर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०७९।०७/१६गते)

यस कार्यालयको आ.व.२०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको एम्बुलेन्स सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८)तथा सार्वजनिक खरिद नियमावली २०६४(चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको नेपालकालागि आधिकारिक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर), गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१) सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ। कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा मांग गरिएका अरु थप विवरण अनिवार्य भरेर सहीछाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ।

२) उक्त कागजात लिनकालागी ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालकालागी आधिकारिक बिक्रेताले उक्त एम्बुलेन्स बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ। साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको authorization पत्र ( Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३) यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन १५.३० बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १६.०० बजे खोलिनेछ।

४) साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ।

५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदापछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | एम्बुलेन्स ख वर्ग | 4-Stroke, Water cooled Diesel Engine, developing Maximum rated power output not less than 45 kw at governed RPM and Maximum torque not less than 110 NM. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ। |

**प्रमुख प्रशासकीय अधिकृत**




**चीन-साङ्घाई-सीआईआईई-तयारी** : कामदारहरूले आगामी पाँचौं चाइना इन्टरनेशनल इम्पोर्ट एक्स्पोको मुख्य स्थल राष्ट्रिय प्रदर्शनी तथा सम्मेलन केन्द्र (शाङ्घाई) मा प्रदर्शनी केन्द्र स्थापना गरेका छन्।
*तस्बिर : सिन्ह्वा*

# पाकिस्तानविरुद्धको खेलका लागि प्रवेश कटुवाल नेपाली टिमको प्रशिक्षक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले आगामी नोभेम्बर १६ मा (कात्तिक ३०) दशरथ रंगशालामा पाकिस्तान राष्ट्रिय टोलीसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्ने पक्का भएको छ।

आठ वर्षको अन्तरालपछि अन्तर्राष्ट्रिय फुटबलमा फर्किएको पाकिस्तानी पुरुष टोली मैत्रीपूर्ण खेलका लागि काठमाडौं आउन लागेको हो। एन्फाले आगामी मैत्रीपूर्ण खेलका लागि प्रवेश कटुवाललाई टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । कटुवालले मंगलबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा नियुक्ति पत्र पाएका हुन्। मैत्रीपूर्ण खेल साँझ ५ बजे हुनेछ।




झापाका कटुवाल लिग च्याम्पियन मछिन्द्र क्लबका प्रशिक्षक समेत हुन् । यसअघि मैत्रीपूर्ण फुटबल खेलका लागि पाकिस्तानले पत्र पठाएको दुई सातापछि मात्र नेपालले त्यसको जवाफ पठाएको थियो।

यसअघि पाकिस्तान फुटबल महासंघले कात्तिक ३० र मंसिर ६ मा खेल खेल्नका लागि प्रस्ताव गरेको थियो। तर एन्फाले नेपालमा हुन लागेको प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनका कारण कात्तिक ३० मा मात्र खेल खेल्न सकिने पत्र पठाएको थियो।

यस्तै प्रशिक्षकका लागि चार जनाको नाम अनौपचारिक रुपमा छलफल भएको थियो। जसमा मछिन्द्र क्लबका प्रशिक्षक प्रवेश कटुवाल, नेपाल पुलिस क्लबका प्रशिक्षक अनन्त थापा, त्रिभुवन आर्मी क्लबका प्रशिक्षक नवीन न्यौपाने र पूर्वप्रशिक्षकद्वय अब्दुल्लाह अलमुताइरी र योहान कालिनका सहायक किरण श्रेष्ठको नाममा छलफल भएको थियो । यसअघि नेपालले गत महिना बंगलादेशसँग दशरथ रंगशालामा खेल खेलेको थियो। अन्जन विष्टको ह्याट्रिकमा जित निकालेको नेपाली टिमको प्रशिक्षण प्रदीप हुमागाईंले सम्हालेका थिए।

## रूसी अन्न, मल निर्यातका अवरोध हटाउन चीनको आग्रह

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ। चीनले रूसी अन्न र मल निर्यातका अवरोध हटाउन सम्बद्ध पक्षसँग आग्रह गरेको छ। संयुक्त राष्ट्रसङ्घका लागि चीनका नायब स्थायी प्रतिनिधि गेङ सुआङले सुरक्षा परिषद्मा सोमबार भएको ब्ल्याक सी ग्रेन इनिसिएटिभमा उक्त आग्रह गरेका हुन्।

चिनियाँ राजदूतले सम्बन्धित देशलाई रूसी अन्न र मल निर्यातमा उत्पन्न अवरोध हटाउन ठोस कदम चाल्न आह्वान गर्दै आर्थिक एवम् व्यापारिक मुद्दालाई राजनीतिक हतियार बनाउन नहुने बताए।

रूस-युक्रेन सशस्त्र द्वन्द्वबीच विश्व बजारमा आपूर्ति शृङ्खला सुनिश्चित गर्न युक्रेन र रूसले गरेको सम्झौताको पालनामा उनले जोड दिए। संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा तुर्किएको इस्तानबुलमा गत जुलाइमा भएको अनाज र मलको निर्यातसम्बन्धी छुट्टाछुट्टै दस्तावेजमा भएको हस्ताक्षरको स्मरण गराउँदै चिनियाँ कूटनीतिज्ञले उक्त कुरामा जोड दिएका हुन्। ब्ल्याक सीस्थित आफ्ना जहाज एवम् पूर्वाधारमा ड्रोन आक्रमण गरेको आरोप लगाउँदै रूसले गत शनिबार ब्ल्याक सी ग्रेन इनिसिएटिभको कार्यान्वयन अनिश्चितकालका लागि तत्काल स्थगन गर्ने घोषणा गरेपछि खाद्यान्न आपूर्ति शृङ्खला प्रभावित भएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अवरोध हटाउन सक्रिय भूमिका खेल्ने आशा चीनले व्यक्त गरेको छ।रासस


# विश्व नेताद्वारा दुःख व्यक्त

**एएनआई**

वासिङ्टन। भारतको पश्चिमी राज्य गुजरातको मोर्बीमा झोलुङ्गे पुल भत्किँदा भएको अकल्पनीय मानवीय क्षतिप्रति विश्व नेताहरूले गहिरो दुःख व्यक्त गरेका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेन, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा, क्यानडाका प्रधानमन्त्री जस्टिन टुडो, जापानका प्रधानमन्त्री फुमियो किसिदा, पोल्याण्डका प्रधानमन्त्री मेटुझ मोराबियेकी, अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनर अष्ट्रेलियाका विदेशमन्त्री पेनी ओङले भारत सरकार, त्यहाँका जनताप्रति समवेदना व्यक्त गर्नुभएको हो । उक्त घटनाबाट आफूहरू स्तब्ध भएको बताउँदै उहाँहरूले दुर्घटनामा ज्यान गुमाएकाहरूका परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ । साथै उहाँहरू घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्नुभएको छ।

आइतबार राति मच्छुनदीको झोलुङ्गे पुल भाँच्चिदा कम्तीमा एक सय ४१ जनाको मृत्यु भएको थियो भने एक सयभन्दा बढी हराइरहेका छन्। छट पर्व मनाउने क्रममा भीडले खचाखच मोरबीको पुल भाँच्चिएको थियो । दुर्घटनामा ज्यान गुमाएकामा अधिकांश महिला, बालबालिका र वृद्ध छन् ।



बेलाइतको शासनकालमा १९ औं शताब्दीमा बनेको उक्त पुल मर्मतसम्भारपछि गत सातादेखि सञ्चालन गरिएको थियो।

प्रधानमन्त्री नरेन्द्र मोदी आज घटनाबारे जानकारी लिन मोर्वी जाने कार्यक्रम छ। सोमबार सम्बद्ध अधिकारीसँग उहाँले उक्त घटनाका सम्बन्धमा छलफल एवम् समीक्षा गर्नुभएको छ । समीक्षा बैठकले दुर्घटनामा मारिएकाको सम्झनामा भोली राजकीय शोक मनाउने निर्णय गरेको छ।

यसैबीच, पुल मर्मतको ठेक्का पाएको ओरेभा ग्रुप अजन्ता म्यानुफ्याक्छचरिङ प्राइभेट लिमिटेडका दुई जना प्रबन्धक, ठेकेदारलगायत नौ जना कर्तव्य ज्यान अभियोगमा पक्राउ परेका छन्।

# युक्रेनीलाई बिजुली, पानीबाट वञ्चित गराउँदै रूस

**एएनआई**

किएभ । रूसले युक्रेनमाथिको आक्रमणलाई तीव्र गतिमा अघि बढाइरहेको छ । निरन्तरको क्षेप्यास्त्र आक्रमणबाट उत्तरपूर्वी शहर खार्किभ र चेर्कसीका आधारभूत भौतिक पूर्वाधारमा क्षति भएको छ । फलस्वरूप ८० प्रतिशतभन्दा बढी किएभका जनता सोमबार बिजुली र पानीबाट वञ्चित हुनुपरेको थियो।

रूसी आक्रमणका कारण देशका धेरै स्थानमा नागरिक प्रभावित भएका तथा सोमबार किएभको ८० प्रतिशतभन्दा बढी जनसङ्ख्याले पानी र बिजुली कटौतीको सामना गर्नुपरेको युक्रेनी अधिकारीले बताएका छन् । किभए नगरका प्रमुखले युद्धको चपेटामा परेको देशको परिस्थितिलाई दृष्टिगत गरी आफूलाई आवश्यक पर्ने पानीको भण्डारण एवम् व्यवस्थापन गर्न नगरवासीलाई आग्रह गरेका छन्। किभएका अग्ला आवासीय भवनहरूमा पानी आपूर्तिमा कठिनाइ भएको छ।



ब्ल्याक सीमा ड्रोन हमला गरेको बदलामा रूसले युक्रेनी पूर्वाधारलाई आक्रमण निशाना बनाएको हो । ब्ल्याक सी हमलालाई लिएर क्रमलिनले युक्रेनको बन्दरगाहबाट अनाजले भरिएका एक सय ७६ वटा जहाजलाई गन्तव्यतर्फ जान दिएको छैन। उसले युक्रेनमा मात्र नभइ विश्वभर खाद्य सङ्कटको जोखिम बढाएको छ।

संयुक्त राष्ट्रसङ्घसँगको मध्यस्थतामा गरिएको अनाज आपूर्तिको सम्झौता रूसले अस्वीकार गरेपछि त्यसको विश्वव्यापीरूपमा आलोचना भएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनी अन्न बोक्ने जहाजहरूलाई सुरक्षित मार्ग नदिएकामा आपत्ति जनाउँदै त्यसलाई क्रेमलिनको अर्थहीन एवम् अपमानजनक कदम भन्नुभएको छ।

युरोपेली सङ्घका विदेश नीति प्रमुख जोसेप बोरेलले निर्णय फिर्ता लिन आग्रह गरेका छन्भने संयुक्त राष्ट्रसङ्घ महासचिवका प्रवक्ता स्टेफेन डुजारिकले विश्व संस्था राष्ट्रसङ्घ रूसी अधिकारीहरूसँग सम्पर्कमा रहेको बताएका छन् । उनले अनाज आपूर्तिका प्रयासमा कुनै पनि पक्षबाट बाधा पुऱ्याउन नहुनेमा जोड दिएका छन्।

# जी २० प्रतिनिधिहरू र पत्रकारहरूका लागि फ्री-भिसा

सिन्ह्वा

जकाता । जी २० शिखर सम्मेलनमा भाग लिन इन्डोनेसिया आउने विदेशी प्रतिनिधि र पत्रकारहरूले जकार्ताको सोइकार्नो-हट्टा अन्तरराष्ट्रिय विमानस्थल र बालीको नुगुराह राई अन्तरराष्ट्रिय विमानस्थलबाट नोभेम्बर १ देखि निःशुल्क भिसासहित देश प्रवेश गर्न सक्नेछन्।

सोकर्णो-हट्टा विमानस्थल अध्यागमन कार्यालयले मङ्गलबार सो बारे जानकारी दिएको हो ।




बाली रिसोर्ट टापुमा हुन लागेको शिखर सम्मेलनमा सहभागी हुन विदेशी प्रतिनिधि र पत्रकारले राहदानी, फिर्ता वा एकतर्फी टिकट र दर्ताको प्रमाण वा निमन्त्रणा पत्र लगायतका आवश्यक कागजातहरू मात्र पेश गर्नुपर्ने अधिकारीहरूले जनाएका छन्।

"निःशुल्क- भिसा प्रवेश नीति नोभेम्बर ३ड सम्म कायम रहनेछ र जी-२० सहभागीहरूलाई इन्डोनेसिया प्रवेशमा सहजता ल्याउँने उद्देश्यले सो निर्णय गरिएको जनाइएको छ। हाम्रो मुख्य लक्ष्य भनेको हाम्रो अध्यागमन सेवाहरूसँग सहभागीहरूलाई सहज र सुरक्षित बनाउनु हो," एयरपोर्ट अध्यागमन कार्यालयका प्रमुख मुहम्मद टिटो एन्ड्रियान्टोले उल्लेख गरेका छन्।

# राष्ट्रसंघका महासचिव स्तब्ध

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले भारतको पश्चिमी राज्य गुजरातमा झोलुङ्गे पुल भाच्चिँदा एक सय ४१ जनाको ज्यान गएको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।

मंगलबार उहाँका प्रवक्ता स्टेफन डुजारिकले विज्ञप्ति प्रकाशन गरी सो कुराको जानकारी गराउनुभएको हो। सो दुर्घटनाबाट महासचवि गुटरेस निकै स्तब्ध भएको बताउनुभएको सो विज्ञप्तिमा जनाइएको छ।

मानिसहरुले उक्त पुल हुँदै यात्रा गरिरहेका बेला पुल भाचिएको थियो । त्यसमा परेर एक सय ३० जनाको ज्यान गएको बताइएको छ।

मंगलबार भएको सो दुर्घटनामा परेर अरु पनि कैयौं नागरिक घाइते भएका बताइएको छ । एक स्थानीय अधिकारीका अनुसार दुर्घटनामा ज्यान गुमाएकामा अधिकांश महिला, बालबालिका र वृद्ध छन्।



महासचिव गुटरेसले सो दुर्घटनाबाट ज्यान गुमाएकाहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नुका साथै परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ।

साथै महासचिव गुटरेसले यस दुर्घटनामा परी घाइते भएकाहरुलाई शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्नुभएको छ । दीपावली पर्व मनाउने क्रममा भीडले खचाखच भएको मोरबीको उक्त पुल अकस्मात भाँच्चिएको थियो। बेलाइतको शासनकालमा १९ औं शताब्दीमा बनेको उक्त पुल मर्मतसम्भारपछि गत सातादेखि सञ्चालन गरिएको थियो।

उक्त पुल भाचिनाको कारणबारे राज्य सरकारका प्रहरी प्रमुखको नेतृत्वमा सोमबारदेखि नै अनुसन्धान थालिएको जानकारी दिइएको छ।

सो पुलमा सयौंको सङ्ख्याका नागरिक परेको सूचनापछि हिजो राष्ट्रिय आपत् एवम् राहत बल, वायु सेना, नौसेना, राष्ट्रिय एवम् राज्यका सुरक्षा निकायका ठूलो सङ्ख्याका सुरक्षार्कीले खोज तथा उद्धार थालेका थिए।

# चार करोड अमेरिकी डलर नगद सहायता प्राप्त गर्यो

**सिन्ह्वा**

काबुल । अफगानिस्तानले मङ्गलबार चार करोड अमेरिकी डलर नगद सहायता प्राप्त गरेको छ देशको केन्द्रीय बैंक दा अफगानिस्तान बैंक (डीएबी) ले उल्लेख गरेको छ।



"दा अफगानिस्तान बैङ्कले मंगलबार चार करोड अमेरिकी डलर नगद सहायता प्राप्त गरेको छ र वाणिज्य बैंकमा जम्मा गरिएको छ" विज्ञप्तिमा जनाइएको छ । अफगानिस्तानको केन्द्रीय बैङ्कले विश्वभरका सबै बैङ्क र मौद्रिक संस्थाहरूसँग वित्तीय कारोबार गर्न चाहेको उल्लेख गर्दै ड्याबले विज्ञप्तिमा बैंकिङ प्रणाली मार्फत पैसा हस्तान्तरण गर्न आह्वान गरेको छ।

गत वर्षमा अन्तरराष्ट्रिय समुदायले ड्याबलाईलाई मानवीय सहायताको रूपमा नगद सहयोग गर्दै युद्धग्रस्त देशलाई आर्थिक पतन रोक्न विदेशी मुद्रा सञ्चिति बढाउन मद्दत गरेको थियो । अफगानिस्तानमा तालिबानले गत वर्ष अगस्टमा अमेरिकी नेतृत्वको विदेशी सेना फिर्ता गरेपछि देशको बैंकिङ प्रणाली अवरुद्ध भएको छ।

# सडक दुर्घटनामा तीस जना घाइते




**एएनआई**

काबुल । अफगानिस्तानको दक्षिण भागमा पर्ने जाबुल प्रान्तमा सोमबार भएको एक सडक दुर्घटनामा कम्तीमा ३० व्यक्ति घाइते भएका छन् । काबुल र कान्दाहार राजमार्गमा भएको उक्त दुर्घटनामा वैवाहिक समारोहमा गइरहेकाहरु परेका खामा प्रेसले जनाएको छ। दुर्घटनामा परी घाइते हुनेमा महिला र बालबालिका रहेको हुँदा घाइतेलाई उपचारका लागि नजिकैको अस्पतालमा लगिएको छ। तीमध्ये केहीको अवस्था गम्भीर रहेको समाचारमा जनाइएको छ।

दुर्घटनाको कारण पुष्टि नभए पनि चालकको लापरवाही र तीव्र गतिमा सवारी साधन चलाउने नै अफगानिस्तानमा प्रायःदुर्घटनाको कारण बनेको जनाइएको छ।

# नर्वेमा हेलिकोप्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु

**एएफपी**

ओस्ला। पश्चिमी नर्वेमा मंगलबार हेलिकोप्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने अर्का एकजना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ। दुर्घटना ट्रोन्डहेमको उत्तरपूर्वी भेर्डल नगरपालिकामा मध्य बिहान भएको थियो।

दुर्घटनाको कारण बारे अनुसन्धान जारी छ । नर्वेका सञ्चार माध्यमहरूमाट प्रकाशित तस्बिरहरूले उक्त दुर्घटनाग्रस्त हेलिकोप्टर खेतमा खसेको देखिन्छ । अन्य दुई हेलिकोप्टर, एक उद्धार सेवा र एम्बुलेन्स हेलिकोप्टर घटनास्थलमा पठाइएको जानकारी दिइएको छ । दुर्घटनाग्रस्त हेलिकोप्टर भाडामा लिइएको थियो। तर अन्य थप कुनै विवरण भने सार्वजनिक गरिएको छैन।

# किसानले गोरु पाल्न छाडे



मुसीकोट । मुसीकोट-७ का भीमबहादुर पाण्डेले गोरु पाल्न छाडिसक्नुभयो। केही वर्षअघि उहाँको गोठमा एक हल गोरु बाँधिएको हुन्थ्यो। उहाँको बाउबाजेले गोरुबाट नै खेतीपाती गर्दै आउनुभयो। तर उहाँका गाईवस्तु बाँध्ने भकारोमा अहिले गोरु देखिँदैनन् । उहाँले आधुनिक कृषि औजारको प्रयोग गर्न थालेपछि गोरु पाल्न छाड्नुभएको हो। उहाँसँग जोत्नका लागि मिनीटिलर (हाते ट्र्याक्टर) छ। त्यस्तै गहुँ, धान केलाउन थ्रेसरको प्रयोग गरिरहनुभएको छ।

पाण्डे मात्र होइन, रुकुमपश्चिमका किसान आधुनिक औजारको प्रयोगमा लागेका छन् । गोरुले एक दिनमा हुने काम आधुनिक कृषि औजारले दुई घण्टामै हुने भएपछि जिल्लाका किसानको आकर्षण ती औजारमा देखिएको हो। पछिल्लो समय आधुनिक कृषि औजारको प्रयोग बढ्दै गएको छ।

कृषिको काम गर्दा सहज, छरितो हुने भएपछि जिल्लाका किसान आधुनिक कृषि औजार आकर्षित भएका हुन् । जिल्लामा परम्परागत कृषिबाट कृषक आधुनिक कृषि प्रणालीमा लागेसँगै आधुनिक कृषियन्त्रको प्रयोग बढेको हो। जिल्ला कृषि विकास कार्यालयले कृषि औजार किन्न किसानलाई अनुदान दिने गरेको छ। कार्यालयका अनुसार जिल्लामा ३० प्रतिशत किसानले आधुनिक कृषि औजार प्रयोग गर्ने गरेका छन् । मिनीटिलर, थ्रेसर, च्यापकटर, सोलारड्रायर, हातेपङ्खाजस्ता औजार प्रयोग हुने गरेको छ।

जिल्लाको सबै क्षेत्रमा आधुनिक कृषि औजारको प्रयोग हुने गरेको कार्यालय प्रमुख मीनबहादुर केसीले जानकारी दिनुभयो। सङ्घीय , प्रदेश , प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, एक पालिका एक उत्पादनलगायत कार्यक्रमले कृषकलाई ती सामग्री वितरण गर्ने गरेको उहाँले बताउनुभयो। कृषकलाई ५० प्रतिशत अनुदानमा औजार वितरण भइरहेको उहाँको भनाइ छ।

कृषकले आफैँले पनि ती औजार खरिद गरी प्रयोग गरिरहेका छन्। आधुनिक कृषि औजारमार्फत काम गर्दा सहज हुने भएपछि किसानको आकर्षण बढेको किसानको भनाइ छ। रासस

# धान मासेर सुन्तला र कागती खेती



गलकोट । चार वर्षअघि सम्म लहलह पहेँलपुर धान झुल्ने बागलुङ नगरपालिका-८ सिगानाको पाल्तेखेतमा अहिले हरियाली देख्न सकिन्छ। सिगानाका निर्वतमान वडाध्यक्ष तथा पूर्वभारतीय सेना ४६ वर्षीय राजन जिसीले धान फल्ने खेतमा व्यावसायिक सुन्तला र कागती खेती सुरु गरेको चार वर्ष भयो। अहिले उहाँको सुन्तला बगानमा एक सय ३८ सुन्तलाका बोटमा फल लाग्न सुरु भएको छ भने ५२ वटा कागतीका बोट हुर्किरहेका छन्।

राम्रो धान फल्ने खेतमा धमाधम सुन्तला खेती विरुवा लगाउदा धेरैले खेतीयोग्य जमिन मासेर रूख उमारेको भन्ने गरेका थिए। तर, व्यावसायिकरूपमा धान खेतीभन्दा धेरै गुणा बढी आम्दानी सुन्तला खेतीले दिने भएपछि जिसीले धान मासेर सुन्तला र कागती खेती गर्नुभएको हो।

यस संगै उहाँले परीक्षणका लागि एक रोपनी जग्गामा बहुगुणी फलफूल किबी पनि रोप्नुभएको छ। १६ वर्ष भारतीय सेनामा सेवा गरेर अवकाश पछि गाउँमै उद्यम गर्ने सोचका साथ कृषिसँगै उद्योग सञ्चालनमा ल्याउनुभएका छ । जिसी २०७४ सालको स्थानीय तह निर्वाचनमा सोही वडाको वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँको कार्यकालमा सिगानामा सुन्तला खेतीको विस्तार भएको थियो।

वडाध्यक्षको कार्यकालभरिमा सिगानाका जनतालाई ३५ हजार सुन्तलाका बिरुवा लगाउनका लागि अभियान नै चलाइएको थियो । "मेरै घरमा सुन्तला थिएन, यो बीचमा मैले सुन्तला खेतीका धेरै फाइदा बुझे, अहिले सात रोपनी जग्गामा सुन्तला र कागती खेती गरेको छु", जिसीले भन्नुभयो, "धान खेती मासेर सुन्तला लगाउँदा तत्काललाई भन्दा पनि दीर्घकालीन रूपमा फाइदा पुग्छ, सुन्तलाकै बीचमा अन्य तरकारी खेतीसमेत गर्दै आएको छु, फर्निचर उद्योग र कृषि खेतीबाट आठजनालाई प्रत्यक्ष रोजगारी दिँदै आएको छु।"

खड्काले अवकाशपछिको जीवन धेरैले आराम गरेर बिताउने गरे पनि आफूले भने कृषि, उद्यम र सामाजिक कामलाई सँगसँगै लगेको बताउनुभयो । जिसीले परीक्षणका लागि लगाउनुभएको किबी खेतीसमेत सफल भएको बताउँदै पहिलो वर्ष नै किबीले राम्रो उत्पादन दिएको बताउनुभयो । जिसीकी श्रीमती पुष्पा क्षेत्रीले सुन्तला र कृषि खेतीमा सघाउँदै आउनुभएको छ।

सुन्तला जोन कार्यक्रममा समेटिएको सिगानामा वार्षिक रु दुई करोडभन्दा बढीको सुन्तला निर्यात हुने गरेको सिगानाका अगुवा सुन्तला किसान रामबहादुर खड्काले बताउनु हुन्छ। रासस

# उम्मेदवार गाउँ-गाउँमा, मतदातालाई खेती स्याहार्न चटारो

गलेश्वर । खेतबारीमा पाकेको धान र कोदो भित्र्याउन व्यस्त किसानलाई घरदैलो र भेटघाट कार्यक्रमका लागि गाउँ पुगेका उम्मेदवारका कुरा सुन्ने फुर्सद छैन।

आगामी मङ्सिर ४ गते हुन लागेको आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राजनीतिक दलका उम्मेदवार गाउँ-गाउँमा चुनावी प्रचारप्रसारमा हिँडेका छन्। उम्मेदवारले समूह बनाएर म्याग्दीका गाउँबस्ती र खेतबारीमा पुगे पनि मतदाता भने आफ्नै काममा व्यस्त हुने गरेका छन्।

निर्वाचन नजिकिँदै जाँदा दलका नेता तथा कार्यकर्तामा निकै उत्साह देखिए पनि आम मतदाता खेतीपाती स्याहार्ने कामको व्यस्तताले उत्साहित बन्न सकेका छैनन। चुनावको समयमा मात्र जनताको घरदैलोमा उम्मेदवार, नेता तथा उनीहरूका कार्यकर्ता पुगेको गुनासो गरेका छन् । म्याग्दीको बेनी नगरपालिका-२कानारायणसापकोटाले विगतमा जस्तै राजनीतिक दलका उम्मेदवार, नेता तथा कार्यकर्ता चुनावी प्रचारप्रसारमा हिँड्दै विभिन्न आश्वासन दिने तर कहिल्यै पूरा गर्न नसकेको बताउनुभयो । "भोट माग्न आउँछन्, चुनाव जितेर गएपछि वास्तै गर्दैनन्", उहाँले भन्नुभयो, "जनताको समस्या समाधानमा कोही पनि लाग्नुभएन्।"

मालिका गाउँपालिका दुई रुम बेलीका जगबहादुर विकले चुनाव जितेर गएपछि नेताको अनुहारै देख्न नपाइने बताउँदै गाउँमा विकास पनि नभएको र दुःखी गरिबको अवस्थामा सुधार पनि नआएको बताउनु भयो।

त्यस्तै मङ्गला गाउँपालिकाको रणबाङका हरिकृष्ण पौडेलले चुनावको बेला बाहेक अरु समयमा नेताले आफ्ना कार्यकर्ता बाहेक जनताको वास्ता नगर्ने गरेको बताउनुभयो।

त्यस्तै, म्याग्दी क्याम्पसका भूतपूर्व क्याम्पस प्रमुख कृष्णबहादुर थापा जनताले जनताले बिकास सगै सुशासन, मौलिक हकको निर्वाध उपयोग चाहेको बताउनुहुन्छ । "नेताको भनसुनबिना कहिकतै केही कामै हुदैन", उहाँले भन्नुभयो, "दलका नेताले जनताका सामान्य काममा पनि पक्षपात गर्ने र राजनीतिक पूर्वाग्रह देखाउने गर्दा जनतामा उदासिनता देखिएको हो।"

बेनी नगरपालिका- ५ का शिव जिसीले चुनाव जितेर गएपछि गाउँ नफर्किने प्रवृत्ति नेताले सुधार गर्ने र राजनीति गर्नेमान्छेले जनतासँगको सामिप्यता सधैँभरी कायम राखिराख्नु पर्ने सुझाव दिनुहुन्छ । प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई क्षेत्र रहेको म्याग्दीमा तीन पदका लागि १९ जना चुनावी मैदानमा छन्।

प्रतिनिधिसभामा तीनजना स्वतन्त्रसहित नौ जना, प्रदेशसभा क्षेत्र (क) र (ख) मा पाँच/पाँचजना उम्मेदवार छन्। ६ वटा स्थानीय तह रहेको म्याग्दीमा ८२ वटा मतदानस्थल र एक सय १९ वटा मतदान केन्द्र छन्। बेनी नगरपालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकालाई समेटेको ४९ मतदानस्थलमा ६८ वटा केन्द्र रहेको प्रदेशसभा क्षेत्र (क) मा ४८ हजार चार सय ७२, मङ्गला, मालिका र धवलागिरि गाउँपालिका समावेश ३३ स्थलमा ५१ केन्द्र रहेको प्रदेशसभा क्षेत्र (ख) मा ३७ हजार छ सय ४८ गरी जिल्लाभरी जम्मा ८६ हजार एक सय २० जना मतदाता छन्।रासस

# नेप्सेमा उच्च अङ्कको वृद्धि

काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अङ्कले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५६ दशमलव १० अङ्कले उकालो लागेर एक हजार नौ सय ३० दशमलव ९७ मा पुगेको छ। त्यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११ दशमलव २८ अङ्कले उकालो लागेर तीन सय ८२ दशमलव १४ मा पुगेको छ।

नेप्सेका अनुसार कूल दुई सय ३१ कम्पनीको ३९ लाख ७१ हजार पाँच सय ९४ कित्ता शेयर रु एक अर्ब २९ करोड छ लाख ६४ हजार छ सय ४२ मूल्यमा कारोबार भएको छ। कारोबार भएका १३ उपसमूहकै शेयर मूल्यमा वृद्धि भएको छ। निर्जीवन बीमा, जीवन बीमा, विकास बैंक र लघुवित्त उपसमूहको शेयर मूल्यमा उल्लेख्य वृद्धि भएको छ। मङ्गलबारको कारोबारपछि कूल बजार पुँजीकरण रु २७ खर्ब ७७ अर्ब ४७ करोड १९ लाख ५७ हजार एक सय ५४ बराबर रहेको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु छ करोड ६५ लाख ६० हजार दुई सय १५ बराबरको कारोबार भएको छ। त्यस्तै, नबिल बैंक रु पाँच करोड ९२ लाख ७० हजार, शिवम् सिमेन्ट रु पाँच करोड १७ लाख ८४ हजार दुई सय ९३, रिडी पावर कम्पनी रु पाँच करोड ३९ हजार दुई सय ९० र एभरेष्ट बैंक रु चार करोड ६८ लाख पाँच हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए। नेप्सेका अनुसार न्यादी हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। युनिभर्सल पावर कम्पनी नौ, युनियन हाइड्रोपावर, आठ दशमलव ८२, माउण्टेन हाइड्रो नेपाल आठ दशमलव ७७ र दिव्यश्वरी हाइड्रोपावरका लगानीकर्ताले आठ दशमलव ६८ प्रतिशतले कमाएका छन्।

त्यस्तै, एनसिसी बैंकको ऋणपत्र तीन दशमलव ९१, सिटिजन म्युचुअल फण्ड एक तीन दशमलव ७३, गरिमा विकास बैंकको ऋणपत्र दुई दशमलव ५८, एनआइसी एशिया ग्रोथ फण्ड दुई दशमलव २७ र एनआइसी एशिया ब्यालेन्स फण्डका लगानीकर्ताले दुई दशमलव शून्य पाँच प्रतिशतले गुमाएका छन् ।रासस


## Invitation for Bids

**Sakhuwanankarkatti Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sakhuwanankarkatti, Siraha**
**Madhesh Province, Nepal**

**Invitation for Bids No: NCB/SK/03/2079/80**

**Date of publication: 02 Nov 2022**

1. Sakhuwanankarkatti Rural Municipalityhas allocated funds or received a loan/credit/grant from [GoN] towards the cost of Construction of Hospital Building, Sankhuwanankarkatti, Siraha and intends to apply part of the funds to cover eligible payments under the Contract for [Construction of Hospital Builing, Contract ID :NCB/SK/01/2079/80] . Bidding is open to all eligible as per Section V of bidding document.
2. Sakhuwanankarkatti Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction of Hospital Building, Contract ID :NCB/SK/01/2079/80under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 90.30million.
   - Minimum Work experience of similar size and nature: at least one project with value NRs. 90.30 million.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sankhuwanankarkatti Rural Municipality, Sirahaor may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office Sankhuwanankarkatti Rural Municipality, Siraha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs. 10000.00till 02 December 2022 during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** NMB Bank Ltd, Sakhuwanankarkatti
   **Name of Office :** Office of the Rural Municipal Executive
   **Account Name :** Sakhuwanankarkatti Rural Municipality
   **Office Account no.:** 1100085117500199
6. Pre-bid meeting shall be held at Office of Rural Municipal Executive, Sakhuwanankarkatti, Siraha at 13:00, 17 Nov 2022.
7. Sealed or electronic bids must be submitted to the office Sankhuwanankarkatti Rural Municipality, Siraha through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before12:00 on 02 Dec 2022. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00, 02 Dec 2022 at the office of Sankhuwanankarkatti Rural Municipality, Siraha. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of Nrs. 3.5 million, which shall be valid for 30 days beyond the validity period of the bid. (i.e.120/150 days)
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## गोडैता नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**गोडैता, सर्लाही**

## बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०७/१६ गते)**

यस कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लगत सभ्फेदारीमा तपसिलमा उल्लेखित गेहुँको बिऊ बोलपत्र माध्यमबाट खरीद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक कृषि सहकारी संस्था तथा बिऊ बिजन बिक्री वितरण इजाजत लिएको फर्म वा संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिन्छ :

१. यो सूचना प्रकाशित भएको मिति २०७९/०७/१५ बाट १५औ दिनसम्म कार्यालय समयभित्र चालु आर्थिक वर्षको लागि नवीकरण भएको फर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट कार्यालय समयभित्र रु. ३०००/- (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. खरिद भएको बोलपत्रफारामहरुमा उल्लेख भएका सबै भर्नुपर्ने विवरणहरु प्रष्टसँग लेखी सूचना प्रकाशित भएको मितिले १६औं दिन, दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिन २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।
४. बोलपत्रदाताले आफुले कवोल गर्ने अंक दर मूल्य अभिवृद्धि कर बाहेकको हुनु पर्नेछ।
५. दरभाउ गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र कुनै केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहिछाप हुनु पर्नेछ।
७. म्याद नाघि आएको, रित नपुगेको र स-शर्त पेश भएको बोलपत्र मान्य हुने छैन।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
९. सूचनामा उल्लेख भएका कुराहरु संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।
१०. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा ९८४४०३३२६० नं. मा सम्पर्क गर्न सकिनेछ।
११. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।
१२. सिलवन्दी बोलपत्र बोलपत्रदाता वा नजिको प्रतिनिधि कार्यालयमा उपस्थित भई वा हुलाक एवं कुरियर मार्फत् तोकिएको समयमा आइपुग्ने गरी पठाउन सकिनेछ।
१३. सिलबन्दी बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनु पर्नेछ।
१४. सिलबन्दी बोलपत्रको मूल्याङ्कन विधि न्यूनतम लागत विधि हुनेछ।
१५. कामको विवरण तपसिल अनुसार रहेको छ।
१६. बिउको जात क्रमशः आदित्य, बिजय, N.L.९७१ आदी।
१७. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत मितिले ७ दिन भित्र गहुँको बिऊ आपूर्ति गरिसक्नु पर्नेछ।
१८. धरौटी वापतको २.५% रकम यस गोडैता न.पा.को धरौटी खाता नं. ०९४००००१६ GE सेन्चुरी कमर्सियल बैंक लि. गोडैता मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ।
१९. टेण्डर सकार गर्ने फर्मले सम्झौता गर्न पूर्व थप २.५% ले हुन आउने रकम रु. (३०००००) धरौटी खातामा जम्मा गर्नुपर्ने छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्वर | सामानको विवरण | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|
| १ | ०४/२०७९ /०८० | गहुँ को बिऊ | ३०००/- | ३००००० |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘कृषि, शिक्षा र स्वास्थ्य चुनावी एजेण्डा’

**टुडे समाचारदाता**

गौर। रौतहटमा विभिन्न दलवाट उम्मेदवार भएकाहरुले कृषि, शिक्षा र स्वास्थ्यलाई चुनावी एजेण्डाको रुपमा आगाडि सारेका छन् । रौतहट जिल्लावाट नेकपा एमालेवाट पटक-पटक वर्तमान नेकपा एसका अध्यक्ष बिजयी भए र प्रधानमन्त्री सम्मको पदभार ग्रहण गर्दा पनि त्यो क्षेत्रका जनताहरुले भने कृषि, शिक्षा र स्वास्थ्यलाई चुनावी एजेण्डा बनाएका छन्।



रौतहट निर्वाचन क्षेत्र नम्वर १ को प्रदेश सभा (क) का नेकपा एमालेका उम्मेदवार राज किशोर प्रसाद यादवले किसानको समस्या सवै भन्दा जटिल रहेको र आफू निर्वाचित भए प्रदेश सभा (क) तथा निर्वाचन क्षेत्र १ को कृषि, शिक्षा र स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउने दावी गरेका छन्।

मंगलबार प्रदेश सभा (क) अन्तर्गत राजदेवी नगरपालिकाका वड़ा नम्बर २ हजमीनियामा घरदैलो गर्ने क्रममा सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै उम्मेदवार यादवले नेकपा एमाले सरकारमा सहभागी भए रौतहट जिल्लामा देखिएको शिक्षा स्वास्थ्यको समस्या समाधान हुने दावी गरे।

किसानहरु आकाशे पानीको भरमा खेती गर्न बाध्य रहेकाले खेत खेतमा मोटरको व्यवस्था गर्ने उनले आश्वासन बाडे। नेता यादवले पानी नपर्दा र समयमा मलखाद् नपाउदा यस वर्ष किसानले धेरै पीड़ा भोगेको जिकिर गर्दै किसानको दुःख लाइ गंभीरता पूर्वक लिएको बताए।

घर दैलोको क्रममा जनताले भोट माग्ने बेला घर दरवाजामा आउने नेता जितेपछि एक पटक पनि भेट्न नआउने गुनासो बढ़ी सुनिएको बताउँदै आफू महीनै पिच्छे जनता संग भेट्ने र सुख दुःखमा सहभागी हुने प्रतिवद्धता जनाए।

बजेट कार्यान्वयनमा क्षेत्रको जनता संग प्रत्यक्ष राय सलाह लिएर विकास निर्माणको कार्य गर्ने बताए । उनले भने-‘दलाली गर्ने, भ्रष्टाचार गर्ने ,कमिसन खाने सीत आफ्नो संगत नरहेकोले निष्पक्ष रुपमा जनताको भावना अनुसार विना कमिसनको बजेट विनियोजन गरी योजना सञ्चालन गराउने प्रतिवद्धता व्यक्त गरे।

विगतमा निर्वाचित भएर गएका जनप्रतिनिधि फेरी फर्केर नआएको गुनासो स्थानीयहरुको रहेको बताउँदै नेता यादवले आफू फरक ढंगबाट जनता सित नजिकिएर कार्य गर्ने बाचा गरे।

मङ्सिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा भाग लिएका राजनीतिक दल र स्वतन्त्र उम्मेदवारी दिएका उम्मेदवारहरु तीब्र रुपमा प्रचार प्रसारमा होमिएका छन्।

निर्वाचन क्षेत्र नम्बर एकमा नेकपा एमालेका उम्मेदवार पूर्व मेयर अजय कुमार गुप्ता र नेकपा एसका अध्यक्ष एवम् पुर्व प्रधानमन्त्री माधव कुमार नेपाल आमने सामने रहेका छन्।

देशका प्रधनमन्त्री भएका नेता नेपाललाइ कडा टक्करको आभास भएकोले गाउँ गाउँमा गएर मतदाता रुझाउने काम गरिरहेका छन् । प्रधानमन्त्री भएको व्यक्तिलाई घरदैलो गर्नु परिरहेको विषयमा बुद्धिजीवीहरुको फरक धरना रहेका छन् । प्रधानमन्त्री बनेकालाइ घर घरमा पुग्नु परेको बाध्यता आएको टिप्पणी पनि भई रहेको छ।

प्रदेश सभा (क) मा पाँच दलीय गठवन्धनबाट नेपाली कांग्रेसका नागेन्द्र साह चुनावी प्रतिस्पर्धामा रहेका छन् । निर्माण व्यवसायीको रुपमा परिचित रहेका साह को प्रति मतदाताको रुझान कम देखिएको छ। राजनीतिक पृष्ठ भूमि नभएकोले उनी प्रति रुझान कम भएको जानकारहरु बताउँछन्।

स्वतन्त्रबाट उम्मेदवारी दिएका बाबूलाल साह कानू र राज किशोर प्रसाद यादव विच कडा प्रतिस्पर्धा हुन सकिने अनुमान गरिएको छ। चिकित्सा पेशामा आवद्ध रहेका डाक्टर सोहैल तैयव पनि स्वतन्त्रबाट आफ्नो उम्मेदवारी दिएका छन्।

त्यस्तै प्रदेश सभा (ख) मा पाँच दलीय गठवन्धनका उम्मेदवार कृष्णा प्रसाद यादव र नेकपा एमाले जसपाका उम्मेदवार योगेन्द्र यादव बलियो अवस्थामा देखिएपनि त्रिकोणात्मक प्रतिस्पर्धा हुने अवस्था रहेको राजनीतिक विश्लेषकहरु बताउँछन्। स्वतन्त्र बाट उम्मेदवार बनेका राजेश चौधरी पनि प्रतिस्पर्धामा रहेकोले त्रिपक्षीय संघर्ष हुने अवस्था रहेको हो।

# सरकारी कर्मचारी उम्मेदवारको प्रचारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले सरकारी कर्मचारी कुनै दल वा उम्मेदवारको प्रचार प्रसारमा जान रोक लगाएपनि धनुषामा सरकारी कर्मचारीहरुनै प्रचारप्रसारमा खटेको पाइएको छ। प्रदेश सरकारले राजनीतिक नियुक्त दिएका दुई कर्मचारी सामाजिक सञ्जाल र भौतिक रुपमै उपस्थिति भएर उम्मेदवारका लागि मत माग्ने गरेको पाइएको छ।





मधेश प्रदेश सरकारका वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयका स्वकीय सचिव प्रेमचन्द्र झा र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका सदस्य पुष्पा यादव उम्मेदवारको लागि मत माग्ने गरेको पाइएको छ । झा प्रदेशसभाका उम्मेदवार जितेन्द्र यादव र पुष्पाले ज्ञानेन्द्र यादवको लागि मत माग्ने गरेको र घरदौलो कार्यक्रममा भौतिक रुपमानै उपस्थित हुने गरेका छन्। उनीहरुले सामाजिक सञ्जालसहित घरदैलोमा समेत पुग्ने गरेका छन् । ज्ञानेन्द्र यादव धनुषा निर्वाचन क्षेत्र नम्बर ४ को ‘क’ मा प्रदेशसभा सदस्य पदका उम्मेदवार छन भने जितेन्द्र यादव धनुषा ३ को ‘क’ मा उम्मेदवार छन् । यी दुबै जना जसपाका उम्मेदवार छन्।

निर्वाचन आचारसंहितामा नेपाल सरकारका कुनै पनि कर्मचारीले पदमा रहँदा कुनै पनि राजनीतिक दलको खुलेर विरोध वा समर्थन गर्न नपाउने व्यवस्था गरेको छ । सो नियम विपरित झा र यादव प्रचार प्रसारमा जुटेका छन्। यादवलाई बोर्डको सदस्यमा ०७८ बैशाख दोस्रो साता र झालाई गत असोज दोस्रो सातामा नियुक्ति दिइएको थियो। झा मन्त्री नरहेको मन्त्रालयका स्वकीय सचिव छन् । यी मन्त्रालय सुरुवाती समयदेखि नै मुख्यमन्त्री लाल बाबु राउतकै मातहतमा छन्।

मंगलबार निर्वाचन आयोगले सप्तरीको राजविराज नगरपालिकाका शाखा अधिकृत मनोजकुमार यादवलाई स्पष्टीकरण सोधेका छन्। उनलाई प्रतिनिधिसभाका उम्मेदवार उपेन्द्र यादवको प्रचारप्रसार गरेको उजुरी र प्रमाणको अधारमा स्पष्टीकरण सोधेको छ। तर यी झा र यादवको विरुद्धमा कसैले उजुरी नगर्दा खुलेयाम मत माग्दै हिडिरहेका छन्।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सो मा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन । सोही दफाको खण्ड (ख) अनुसार निजहरुले राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला, गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन हुँदैन भन्ने ब्यवस्था रहेको छ।

# रौतहटका मतदाता खुल्दै

**ओम प्रकाश यादव**

गरुडा । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनकालागि रौतहटका मतदाताहरु विस्तारै विस्तारै खुल्न थालेका छन् । मतदाताहरुको रुझान कता छ भन्न कठिन भएपनि विस्तारै विस्तारै उनीहरुको मनस्थिति र घरदौलो कार्यक्रममा हुने उपस्थितिले उम्मेदवारहरुको अवस्था स्पष्ट हुन थालेको छ।

रौतहटमा पुर्व प्रधानमन्त्री देखी लिएर पूर्व मन्त्रीहरु प्रतिस्पर्धामा छन् । तर, ठूला उम्मेदवारहरु भन्दा साना उम्मेदवारहरु तर्फ मतदाताहरुको रुझान स्पष्ट देखिएको छ। जनता समाजवादी पार्टी नेपाल र नेकपा एमाले गठबन्धनको तर्फबाट रौतहट क्षेत्र नं ४ (ख) बाट प्रदेशसभा सदस्य पदको लागि उम्मेदवारी दिएका जसपा नेता शेख अब्बुल कलाम आजाद (फुलबाबु)को पक्षमा मतदाताहरु खुल्न थालेका छन्।

यसै क्षेत्रबाट सत्ता गठबन्धनको तर्फबाट उम्मेदवारी दिएका शेख सतार, स्वतन्त्रबाट नेकपा एमालेका बागी उम्मेदवार रवि जयसवाल र जसपाका बागी उम्मेदवार जयनाथ यादव चुनावी प्रचारप्रसार कार्यलाई तीव्रता दिरहेका छन् । तर यी सबै उम्मेदवार मध्ये जसपा नेता फुलबाबु सबभन्दा अगाडि रहेको स्थानीय मतदाताहरुको भनाई छ।

फुलबाबुसंग स्वतन्त्र उम्मेदवार रवि जयसवाल र सत्ता गठबन्धनका उम्मेदवार शेख सतारबीच प्रतिस्पर्धा हुने देखिन्छ । यस अघि २०७४ सालको निर्वाचनमा यसै क्षेत्रबाट स्वतन्त्रबाट फुलबाबु प्रदेश सांसदमा निर्वाचित भएका थिए । स्वतन्त्रबाट निर्वाचित भएपछि पछि उनी जसपामा प्रवेश गरी मधेश प्रदेशका विकास समितिका सभापति बनेका थिए।

गत स्थानीय तहको निर्वाचनमा गढिमाई नगरपालिकाको मेयरमा लड्न उनी प्रदेश सांसद पदबाट राजिनामा दिएका थिए।

मेयरमा थोरै मतले पराजित भएपछि फेरी जसपा र एमाले गठबन्धनबाट प्रदेश सांसदको उम्मेदवार बनेका फुलबाबु जसरी नि चुनाव जित्ने उद्देश्यका साथ चुनावी मैदानमा उत्रेका छन्।

क्षेत्र नं. ४ को प्रदेशसभा (ख) मुस्लिम समुदायको बाहुल्याता रहेको क्षेत्र हो यहाँ मुस्लिमको सबभन्दा बढी मत रहेको छ त्यसैले यहाँ मुस्लिम समुदायले जसलाई बढी मत दिन्छ त्यो नै निर्वाचित हुने देखिन्छ । २०७४ को निर्वाचनमा साथ दिएका मुस्लिम समुदाय यसवर्ष पनि फुलबाबुलाई नै साथ दिने पक्षमा रहेका छन् । मुस्लिम समुदायको साथ पाउने भएका कारण यहाँ अन्य उम्मेदवार भन्दा जसपाका उम्मेदवार फुलबाबु नै सबभन्दा बलियो उम्मेदवार रहेको चर्चा परिचर्चा भइरहेको छ।

यसअघि आफू प्रदेश सांसद हुँदा क्षेत्र नं ४ (ख) मा विभिन्न किसिमका विकास निर्माणका कामहरु गरेकोले आफूले गरेको कामको मुल्यांकन गरी यहाँका आम मतदाता फेरी आफूलाई नै जिताउने उनले दावी गरे।

यहाँका जनतामा आफ्नो ठूलो लगानी रहेकाले आउँदो निर्वाचनमा आफ्नो जित कसैले रोक्न नसक्ने उनले दावी गरे।

जसपाका मधेश प्रदेश सदस्य राजकुमार दासले क्षेत्र नं ४ को (ख) मा पुन जसपाका उम्मेदवार शेख फुलबाबुले नै जित हात पार्ने दावी गरे।

# बाराबाट म विजयी हुनेमा कुनै शंका छैन : श्रेष्ठ

**टुडे समाचारदाता**

वीरगञ्ज । पूर्व श्रम मन्त्री तथा बारा निर्वाचन क्षेत्र नम्बर ४ का सत्ता गठबन्धनका उम्मेदवार किसान श्रेष्ठले वाम लोकतान्त्रिक गठबन्धन बलियो भएकाले आफू विजयी हुनेमा कुनै शंका नभएको बताएका छन्। बारा-४ मा चुनावी प्रचारप्रसार कार्यक्रममा बोल्दै पूर्वमन्त्री श्रेष्ठले अरूलाई अपवित्र गठबन्धन भन्नेहरूले पनि गठबन्धन गरेको तर, देशैभर वाम लोकतान्त्रिक गठबन्धनको जित निश्चित भएको दाबी गरेका हुन्।

‘५ दलीय वाम लोकतान्त्रिक गठबन्धन देशभर नै बलियो छ, यो गठबन्धन देशको आवश्यकता हो, त्यो कुरा बारा ४ का जनताले पनि बुझेका छन् । त्यसकारण पनि म विजयी हुने कुरामा कुनै शंका छैन’ श्रेष्ठले भने ‘म तनहुँबाट टपक्क टिपेर बारा आएको व्यक्ति पनि होइन एक दशकदेखि यहाँ व्यवसायी रूपमा जोडिएर राजनीतिक र सामाजिक रूपमा यहाँका जनताको समस्या नजिकबाट बुझेको छु।’

२०७४ को निर्वाचनमा तनहुँ क्षेत्र नं १ मा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई पराजित गरेका श्रेष्ठले यसपटक शिर्ष नेताहरूको अनुरोधमा आफूले बाराबाट उम्मेदवारी दिएको बताए।

# शाखा अधिकृत यादवलाई स्पष्टीकरण

**टुडे समाचारदाता**

राजविराज । निर्वाचन आयोगले सप्तरीको राजविराज नगरपालिकाका शाखा अधिकृत मनोजकुमार यादवलाई राजनीतिक दल र उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको विषयमा स्पष्टीकरण मागेको छ।

यादवविरुद्ध सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ का उम्मेदवार उपेन्द्र यादवको प्रचारप्रसार गरेको भनी उजुरी परेको सन्दर्भमा आयोगले स्पष्टीकरण सोधेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन। सोही दफाको खण्ड (ख) अनुसार निजहरुले राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला, गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन हुँदैन।

‘उल्लेखित सन्दर्भमा तपाईंले दलको राजनीतिक गतिविधिमा तथा प्रचारप्रसारमा संलग्न हुनुभएको कार्यले निर्वाचन आचारसंहिता, २०७९ र प्रचलित निजामति सेवासम्बन्धी कानून समेतको उल्लङ्घन हुने भएकोले तपाईंलाई प्रचलित कानून बमोजिम किन कारबाही हुनु नपर्ने हो ?’ स्पष्टीकरणमा भनिएको छ, ‘प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालय, सप्तरीमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ। अन्यथा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा यसै पत्रबाट जानकारी गराइन्छ।’

# मिटरब्याजी साहलाई पक्राउ गर्न माग गर्दै १९ औं पटक प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । लामो समयदेखी फरार रहेका मिटरब्याजी सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरका ६५ वर्षीय रामदेव साहलाई पत्ता लगाई पक्राउ गर्न माग गर्दै पीडितहरुले मंगलबार राजविराजमा प्रदर्शन गरेका छन्।




गाउँ गाउँबाट आएका मिटर ब्याजी साह र उनका परिवारबाट पीडितहरु स्थानिय शिव मन्दिर प्राङ्गणमा भेला भई प्रदर्शन गरेका हुन्।

फरार मिटर ब्याजी साहलाई अविलम्ब पक्राउ गर, पीडितलाई न्याय दे लगायत नारा अंकित प्लेकार्ड बोकेर बजार क्षेत्र परिक्रमा गरेका पीडितहरुले स्थानिय प्रशासन बिरुद्ध चर्को नाराबाजी समेत गरेका छन्।

आफूहरुलाई घरबार बिहीन बनाउने मिटर ब्याजी साहलाई यतिका दिन बितिसक्दा पनि प्रहरीले पक्राउ गर्न नसकेकाले बिरोध प्रदर्शनमा उत्रेको साह परिवारको मिटर ब्याजबाट पीडितहरुद्वारा गठन गरिएको संघर्ष समितिका संयोजक मो. तैयब अलीले बताए । यो सँगै १९ औं पटक प्रदर्शन र धर्ना लगायतका बिरोध कार्यक्तम गरिसक्दा पनि अझै न्याय पाउन नसकेको प्रदर्शनमा सहभागि ललितादेवी मण्डलले सुनाइन्।

सप्तरीका एक दर्जन भन्दा बढी पीडितहरुले साहुकार रामदेव साहसहित उनको परिवारका सदस्यमाथी ६ महिनाअघि नै प्रहरीमा उजुरी दिएका थिए । प्रहरीले रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधालाई पक्राउ गरेपनि रामदेव अझै फरार छन्।

ठगि तथा अपराधिक विश्वासघात मुद्दा अन्तरगत सप्तरी जिल्ला अदालतको आदेशले रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधा अहिले पुर्पक्षका लागि राजविराज कारागारमा छन्। रामदेवको खोजिकार्य भने जारि रहेको प्रहरीको भनाई छ।

साह परिवारमाथी जग्गा तथा सुनचाँदीको गरगहना बन्दकी राखेर चर्को मिटर ब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋणको ब्याज र साँवा चुक्ता गरिसकेपनि धितो फिर्ता नगरेको आरोप छ।

प्रहरीका अनुसार पीडितहरुले दिएको निवेदनमा १ करोड १७ लाख ४२ हजार २ सय ५६ रुँपैया साहुकार रामदेवसँग ऋण लिएको उल्लेख छ । त्यसको ब्याज वापत हुन आउने रकम र साँवा तिरिसक्दा पनि धितो वापत मालपोत कार्यालयमा लिखत पास गरिएको जग्गा फिर्ता गर्न रामदेव नमानेको पीडितहरुको गुनासो छ।

# मोसा सहित युवक पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा प्रहरीले चोरीको मोटरसाईकल सहित दुई युवकलाई पक्राउ गरेका छन्। प्रहरीले पटेर्वासुगौली गाउँपालिका- ३ बस्ने १९ वर्षीय रामजनम मुखिया र वीरगञ्ज महानगरपालिका- ३१ बस्ने २४ वर्षीय सुनिल दास थारुलाई पक्राउ गरेको हो।

कात्तिक ७ गते चोरी भएको बागमती प्रदेश ०३-००३ प ३६७८ नम्बरको पल्सर मोटरसाईकल सहित दुवै जनालाई पक्राउ गरिएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए।

कात्तिक ७ गते अपरान्ह ४ बजे वीरगञ्ज महानगरपालिका वडा नम्बर १४ बस्ने प्रद्युमन कुमार पटेलको उक्त मोटरसाईकल चोरी भएपछि उनले प्रहरीमा जाहेरी दिएका थिए।

# पर्साको ठोरीमा बढदै भारतीय पर्यटक

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको पश्चिमी सीमामा रहेको ठोरीमा भारतीय पर्यटक आउने क्रम बढन थालेको छ। चारै तिरबाट जंगल र पहाडले घेरिएको उक्त बजार सिमावर्ती भारतीयहरुको लागी रमणीय स्थल बन्दै गएको हो ।भारतको सहयोगमा निर्माण भएको हुलाकी सडकले गर्दा सदरमुकाम वीरगञ्ज देखि ठोरीको दुरी नजिकिए पछि त्यहा आन्तरिक र बाह्य पर्यटकहरुको भिड बढन थालेको छ।



भारतीय सीमावर्ती शहर भिखाना ठोरीसँग जोडिएको ठोरीको राइधारामा पिकनिक खान आउनेको संख्या एक्कासि बढेको छ ।मुख्यरुपमा तराईमा लगातार रुपमा मनाइने तिहार पंचक र त्यसलगतै छठपर्व पछि पिकनिक मनाउने आउनेहरुको तातिनै लागेको छ ।स्थानिय हरुलाई त्यसको व्यवस्थापन गर्न भ्याइ न भ्याइ छ ।भारतको बिहारमा ‘सराब-बन्दी’ भएको कारण पनि पिकनिक मनाउन भारतीयहरुको ओइरो लागेको हो।

तराइका मुख्य पर्वको रुपमा रहेको छठ सकिएसँगै ठोरीमा भारतीय तथा नेपालका आन्तरिक पर्यटकहरुको चहलपहल ह्वात्तै बढेको छ। कोरोनाका कारण दुइ बर्ष देखि सिमामा लागेको नाकाबन्दीले गर्दा पनि यो बर्ष पर्यटकीय चहलपहल बढेको हो।

राईधारा परिसरमा पिकनिक खान आउने आन्तरिक र भारतीय पर्यटकहरुको पिकनिक खान आउनेको संख्या बढेको ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए ।उनले भने,‘मुख्यरुपमा हुलाकी सडक निर्माण भएपछि ठोरीको रमणिय ठाउहरु हेर्न भारतीयहरुको संख्या क्रमिक रुपमा बढदै छ,घुमफिर गर्नुको साथै खानपिनको लागी भारतीयहरु आउने क्रम बढको हो।’

सोमबार मात्रै सिमावर्ती भारतीय शहर जमुनिया, नरकटियागंज, रामनगर, देखि रक्सौल,सुगौली रमुजफ्फरपुर र पटना लगायत भारतय पर्यटकको ओइरो लागेको छ।साथै आन्तरिक रुपमा बिरगंज, कलैया, पोखरीया, हरैया लागाएतका स्थानका व्यक्तिहरु पनि परिवारका साथ आएर पिकनिक मनाएका छन्।

ठोरीको पिकनिक स्पटका रुपमा परिचित राईधारा क्षेत्रमा करीब रुपैया ५० हजार सवारी पार्किङ शुल्क मात्र असुल भएको ठोरी नगरपालिकाको एक कर्मचारीले बताए ।उनले भने,हामिले ठोरीलाइ व्यवस्थित गर्दै छौ ।यसका केहि ठुला होटल तथा रेष्टुरेन्टहरु निर्माणको क्रममा छन् ।ठोरीको स्वर्णपुर गाउमा होमस्टे पनि केहि बर्ष देखि संचालनमा आएकोले पर्सा राष्ट्रिय निकुन्ज भ्रमण गर्न आउने विदेशी टुरिस्टहरुको संस्या पनि क्रमिक रुपमा बढदै गएको छ।

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**शहर तथा गाउँ स्वच्छ र सफा राखौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८